जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १६६ • २०८३ साल मंसिर ३ गते विहीबार (19 November, Thursday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

घुस लिएको आरोपमा दुई प्राविधिक अधिकृतविरुद्ध मुद्दा



टुडे समाचारदाता

जनकपुरधाम । पर्साको ठोरी गाउँपालिकामा इनार निर्माण तथा मर्मतसम्भारको काम सम्पन्न गरेपछि अन्तिम भुक्तानी र धरौटी रकम फिर्ता लिन पुगेका सेवाग्राहीसँग ३ लाख ४५ हजार रुपैयाँ घुस लिएको अभियोगमा जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय वीरगञ्जका दुई प्राविधिक अधिकृतविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घुस लिएको अभियोगमा कार्यालयमा कार्यरत प्राविधिक अधिकृत छैटौं गजेन्द्रप्रसाद जायसवाल र विकी यादवविरुद्ध विशेष अदालतमा आरोपपत्र दायर गरेको छ ।

आयोगले जनाए अनुसार आर्थिक वर्ष २०८२/०८३ मा ठोरी गाउँपालिकामा इनार निर्माण तथा मर्मतसम्भारसम्बन्धी योजना सम्पन्न भएपछि त्यसको अन्तिम भुक्तानी तथा धरौटी रकम फिर्ता गरिदिने बहानामा दुवै अधिकृतले सेवाग्राहीसँग घुस मागेका थिए ।

अनुसन्धानका क्रममा जायसवाल र यादवले आपसी मिलेमतो गरी सेवाग्राहीसँग रकमको मोलमोलाइ गरेर ३ लाख ४५ हजार रुपैयाँ घुस लिएको पुष्टि भएको आयोगले जनाएको छ ।

कार्यालय समयमा आफूले प्रत्यक्ष रूपमा रकम बुझ्न नमिल्ने अवस्था देखेपछि जायसवालले अन्य व्यक्तिमार्फत उक्त रकम बुझ्न लगाएकोसमेत अनुसन्धानबाट खुलेको आयोगको भनाइ छ ।

आयोगले दुवै प्रतिवादीविरुद्ध ३ लाख ४५ हजार रुपैयाँ बिगो कायम गर्दै भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कैद सजाय र बिगोबराबर जरिवाना गर्न मागदाबी गरेको छ ।

सो प्रकरणमा दुवै प्राविधिक अधिकृतलाई प्रतिवादी कायम गरी विशेष अदालतमा आरोपपत्र दायर गरिएको आयोगले जनाएको छ ।

स्थानीय निर्वाचनको तयारीमा अग्रगामी मोर्चा,

एउटै चुनाव चिह्नका लागि कानुनी आधारबारे आयोगसँग परामर्श

टुडे समाचारदाता

जनकपुरधाम । स्थानीय तह निर्वाचनलाई लक्षित गर्दै नौ राजनीतिक दल सम्मिलित अग्रगामी मोर्चाले एउटै चुनाव चिह्न प्रयोग गरेर प्रतिस्पर्धा गर्न सकिने वा नसकिने विषयमा निर्वाचन आयोगसँग परामर्श गरेको छ । प्रदेश सरकारमा सहभागी नहुने सार्वजनिक धारणा राख्दै आएको जनता समाजवादी पार्टी (जसपा) नेपालसहितका दलहरू सम्मिलित मोर्चा अहिले साझा चुनाव चिह्नको कानुनी आधार र निर्वाचनको तयारीमा जुटेको छ ।

स्थानीय तह निर्वाचनको तयारी, दलहरूबीचको सहकार्य तथा एउटै चुनाव चिह्नबाट प्रतिस्पर्धा गर्न सकिने कानुनी व्यवस्थाबारे जानकारी लिन मोर्चाका प्रतिनिधिहरू बुधबार निर्वाचन आयोग पुगेका थिए । उनीहरूले स्थानीय तह निर्वाचनमा मोर्चामा आबद्ध दलहरूले साझा चुनाव चिह्न प्रयोग गर्न पाउने वा नपाउने विषयमा आयोगका पदाधिकारीसँग छलफल गरेका छन् ।

जसपा नेपालका महासचिव डा. सुरेन्द्रकुमार झाले स्थानीय तह निर्वाचनमा एउटै चुनाव चिह्नबाट प्रतिस्पर्धा गर्न सकिने व्यवस्थाबारे आयोगसँग परामर्श गरिएको जानकारी दिए । उनले मोर्चामा आबद्ध दलमध्ये कुनै एक दलको चुनाव चिह्न प्रयोग गर्ने वा गठबन्धनका लागि छुट्टै नयाँ चुनाव चिह्न लिनुपर्ने भन्ने विषयमा समेत छलफल भएको बताए ।

महासचिव झाले निर्वाचन आयोगले यस विषयमा प्रचलित कानुनी व्यवस्थाको अध्ययन गरेपछि मात्र आवश्यक सुझाव दिन सकिने जनाएको बताए । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा राजनीतिक दलहरूले एउटै चुनाव चिह्न लिएर प्रतिस्पर्धा गर्न सक्ने व्यवस्था भए पनि स्थानीय तह निर्वाचनका हकमा त्यस्तो व्यवस्था स्पष्ट नभएको आयोगको भनाइ छ ।



यससँगै अग्रगामी मोर्चाले स्थानीय निर्वाचनमा आफ्नो राजनीतिक पहिचान र संगठनात्मक एकतालाई कसरी प्रस्तुत गर्ने भन्ने विषयमा कानुनी तथा प्राविधिक तयारी थालेको देखिन्छ । साझा चुनाव चिह्न प्रयोग गर्न पाउने अवस्था बनेमा मोर्चामा आबद्ध दलहरूलाई स्थानीय तहमा संयुक्त रूपमा उम्मेदवारी दिन सहज हुने नौ दलीय सम्मिलत मोर्चाको बुझाइ रहेको देखिन्छ ।

प्रदेश सरकारमा सहभागिताबारे जसपामा अन्योल

स्थानीय निर्वाचनको तयारीसँगै अग्रगामी मोर्चाको प्रमुख घटक जसपा नेपाल भने मधेश प्रदेश सरकार गठनको राजनीतिक समीकरणका कारण चर्चामा छ । केही महिना अघि लुम्बिनी प्रदेश सरकारमा सहभागी भएको भन्दै पार्टीले आफ्ना केही नेतामाथि निलम्बनको कारबाही गरेको थियो । त्यसपछि जसपा नेपालले कुनै पनि प्रदेश सरकारमा सहभागी नहुने धारणा सार्वजनिक गर्दै आएको थियो ।

तर मधेश प्रदेशमा नेपाली कांग्रेसका कृष्णप्रसाद यादव नेतृत्वको सरकार ढलेपछि राजनीतिक परिस्थिति फेरिएको छ । नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टी (नेकपा) को समर्थनमा जसपा नेपालको नेतृत्वमा नयाँ सरकार गठन हुने सम्भावना बढेसँगै पार्टीको अघिल्लो अडानमाथि प्रश्न उठ्न थालेको छ ।

जसपा नेपालका शीर्ष नेताहरूले प्रदेश सरकार गठनका विषयमा औपचारिक रूपमा कुनै दलसँग संवाद नभएको दाबी गर्दै आएका छन् । तथापि प्रदेश सरकारको नेतृत्व गर्ने पार्टीभित्रै मतभिन्नता देखिएको छ । यसले पार्टीको घोषित राजनीतिक नीति र बदलिँदो सत्ता समीकरणबीचको अन्तर्विरोधलाई थप उजागर गरेको छ ।

शुक्रबारसम्म नयाँ सरकार गठनको सम्भावना

मधेश प्रदेश प्रमुखको कार्यालयले नयाँ सरकार गठनका लागि दिएको समयसीमा शुक्रबार समाप्त हुँदैछ । यही समयसीमा भित्र एमाले, नेकपा र जसपा नेपालबीचको सहकार्यमा नयाँ सरकार गठनका लागि दाबी पेश गर्ने तयारी भइरहेको स्रोतको दाबी छ ।

सम्भवतः शुक्रबार नै जसपा नेपालको नेतृत्वमा सरकार गठनका लागि बहुमत जुटाएर प्रदेश प्रमुखसमक्ष दाबी पेश गरिने राजनीतिक वृत्तमा चर्चा छ । यद्यपि, सरकारको नेतृत्व, मन्त्रालय बाँडफाँट र दलहरूबीचको सहमतिका विषयमा अन्तिम टुंगो लाग्न बाँकी छ ।

एकातिर स्थानीय तह निर्वाचनमा साझा चुनाव चिह्न प्रयोग गर्ने कानुनी आधार खोजिरहेको अग्रगामी मोर्चा र अर्कोतिर मधेश प्रदेश सरकार गठनको निर्णायक मोडमा पुगेको जसपा नेपालका आगामी कदमलाई राजनीतिक वृत्तले चासोपूर्वक हेरिरहेको छ । मोर्चाको चुनावी रणनीति र जसपा नेपालको सत्ता राजनीतिबीचको तालमेलले आगामी राजनीतिक दिशा निर्धारण गर्ने राजनीतिक विश्लेषकहरुको भनाइ छ ।

'एएमआर' को जोखिम बढ्दो

औषधिको जथाभावी प्रयोगले स्वास्थ्य चुनौती थपिँदै

टुडे समाचारदाता

जनकपुरधाम।एन्टिमाइक्रोबियल रेसिस्टेन्स (एएमआर) अर्थात् औषधि प्रतिरोधको जोखिम मधेश प्रदेशसहित देशभर बढ्दै गएको छ । एन्टिबायोटिकलगायत सङ्क्रमणविरुद्धप्रयोगगरिनेऔषधिको जथाभावी प्रयोग, चिकित्सकको सिफारिसबिना औषधि सेवन गर्ने प्रवृत्ति र उपचारको निर्धारित मात्रा पूरा नगर्ने बानीका कारण औषधिको प्रभावकारिता घट्दै गएको छ ।

स्वास्थ्य सेवामा पहुँच, औषधिको बिक्री वितरण तथा प्रयोगलाई व्यवस्थित गर्नुपर्ने चुनौती रहेको मधेश प्रदेशमा एएमआर नियन्त्रणलाई विशेष प्राथमिकताका साथ अघि बढाउनुपर्ने आवश्यकता देखिएको छ । विशेषगरी चिकित्सकको सल्लाहबिना एन्टिबायोटिक किन्ने र प्रयोग गर्ने प्रवृत्तिले भविष्यमा सामान्य सङ्क्रमणको उपचारसमेत कठिन बन्न सक्ने स्वास्थ्य क्षेत्रका विज्ञहरूले चिन्ताव्यक्त गरेका छन् ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले जनाए अनुसार ब्याक्टेरियाजन्य एन्टिमाइक्रोबियल प्रतिरोध सन् २०२१ मा विश्वभर ४७ लाख १० हजार मानिसको मृत्युमा सम्बन्धित थियो भने ११ लाख ४० हजार मानिसको मृत्यु प्रत्यक्ष रूपमा एएमआरका कारण भएको थियो । सन् २०२५ देखि २०५० सम्ममा एएमआरका कारण विश्वभर तीन करोड ९० लाखभन्दा बढी मानिसको प्रत्यक्ष मृत्यु हुनसक्ने अनुमान गरिएको छ । यसको असमानुपातिक असर न्यून तथा मध्यम आय भएका देशमा बढी पर्ने देखिएको छ ।

एन्टिमाइक्रोबियल प्रतिरोध भन्नाले ब्याक्टेरिया, भाइरस, फंग्स तथा परजीवीलाई नष्ट गर्न प्रयोग गरिने औषधिले प्रभावकारी रूपमा काम गर्न छाड्ने अवस्थालाई जनाउँछ । यस्तो अवस्थामा एन्टिबायोटिक, एन्टिफङ्गल, एन्टिभाइरल तथा एन्टिप्यारासाइटिक औषधि प्रभावहीन हुँदै जान्छन् र सङ्क्रमणको उपचार कठिन वा असम्भवसमेत हुन सक्छ ।



एन्टिमाइक्रोबियल औषधिको अत्यधिक तथा जथाभावी प्रयोग यसको प्रमुख कारण हो । स्वास्थ्य सेवा विभागका निमित्त महानिर्देशक डा. कृष्णप्रसाद पौडेलले एएमआर मौन महामारीका रूपमा फैलिँदै गएको जानकारी दिए ।

उनले एन्टिबायोटिकलगायत एन्टिमाइक्रोबियल औषधिको दुरुपयोगका कारण पहिले प्रभावकारी मानिएका औषधिले समेत काम गर्न छाड्दै गएको बताए । "हामीले हिजो प्रयोग गर्दा प्रभावकारी हुने औषधि अहिले काम नगर्ने अवस्था सिर्जना हुँदैछ । आईसीयूमा देखिने कतिपय ब्याक्टेरियामा कुनै पनि एन्टिबायोटिकले काम नगर्ने अवस्था छ", उनले भने ।

चिकित्सकको सिफारिसबिना एन्टिबायोटिक बिक्री तथा प्रयोग हुने प्रवृत्तिले एएमआरको जोखिम थप बढाएको पौडेलले बताए । आवश्यकताबिना र गलत तरिकाले एन्टिबायोटिक प्रयोग गर्दा सङ्क्रमणविरुद्ध लड्ने औषधिको प्रभावकारिता घट्ने र उपचार जटिल बन्ने उनको भनाइ छ ।

सो समस्या मधेश प्रदेशमा पनि जनस्वास्थ्यको महत्वपूर्ण चुनौती बन्न सक्ने देखिन्छ । औषधि पसलबाट चिकित्सकीय परामर्शबिना औषधि खरिद गर्ने, आफूखुसी औषधिको मात्रा घटाउने वा बढाउने तथा लक्षण कम भएपछि औषधि सेवन रोक्ने प्रवृत्तिलाई निरुत्साहित गर्न आवश्यक छ ।

औषधिको प्रभावकारिता घट्दै जाँदा महँगा तथा नयाँ पुस्ताका औषधि प्रयोग गर्नुपर्ने अवस्था आउने र उपचार असफल हुने जोखिमसमेत बढ्ने पौडेलले उल्लेख गरे । एएमआर नियन्त्रणका लागि औषधिको जथाभावी प्रयोग रोक्नुपर्ने उनको सुझाव छ । स्वास्थ्यकर्मी, औषधि विक्रेता तथा वातावरण क्षेत्रमा काम गर्ने सबै पक्षलाई यस विषयमा सचेत बनाउनुपर्ने उनले बताए ।

दर्ता नभएका औषधिको खुला बिक्री तथा विज्ञको सल्लाहबिना औषधि प्रयोग गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न पनि आवश्यक छ । "एएमआर नियन्त्रणका लागि मानव स्वास्थ्य, पशु स्वास्थ्य र वातावरणलाई छुट्टाछुट्टै नभई एकीकृत रूपमा हेर्नुपर्छ । 'वान हेल्थ' अवधारणाअनुसार सबै क्षेत्रबीच समन्वय र सहकार्य आवश्यक छ", उनले भने ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सहप्रवक्ता डा. समीरकुमार अधिकारीले एन्टिमाइक्रोबियल प्रतिरोधको दुरुपयोग रोकथामका लागि मन्त्रालयले रणनीति बनाएर काम गरिरहेको बताए ।


उनलेयसविषयमामन्त्रालयमा उच्चस्तरीय समन्वय समिति रहेको भन्दै एन्टिमाइक्रोबियल औषधिको प्रयोग, पशु क्षेत्रमा चिकित्सकको प्रेस्क्रिप्सनबिना हुने प्रयोगलगायत विषयमा सचेतना अभिवृद्धि र समन्वयात्मक रूपमा काम भइरहेको जानकारी दिए । विभिन्न अध्ययन तथा अनुसन्धानका निष्कर्ष र सिफारिसका आधारमा आवश्यक कार्यक्रम अघि बढाइएको उनले बताए ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले सन् २०२४ मा सार्वजनिक गरेको 'नेपालमा एन्टिबायोटिक्सको प्रयोग र यसको प्रतिरोधको अवस्थागत मूल्याङ्कन' अध्ययनले औषधि प्रयोगसम्बन्धी चिन्ताजनक अवस्था देखाएको छ । अध्ययनअनुसार २८ प्रतिशत बिरामीले चिकित्सकको सल्लाहबिना नै औषधि किन्ने गरेका छन् भने २२ प्रतिशतले औषधिको पूरा मात्रा सेवन नगरी बीचमै छाड्ने गरेका छन् ।

मधेश प्रदेशमा पनि यस्ता प्रवृत्तिलाई नियन्त्रण गर्न औषधि पसलको प्रभावकारी अनुगमन, चिकित्सकको सिफारिसमा मात्र एन्टिबायोटिक बिक्री वितरण, स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि र समुदायस्तरमा जनचेतना विस्तार आवश्यक छ । स्थानीय तह, प्रदेश सरकार, स्वास्थ्य संस्था तथा औषधि व्यवसायीबीच समन्वय गरी औषधिको सुरक्षित प्रयोग सुनिश्चित गर्नुपर्ने देखिन्छ ।

विज्ञहरूले जनाए अनुसार चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाहबिना एन्टिबायोटिक सेवन गर्नुहुँदैन । चिकित्सकले सिफारिस गरेको औषधि निर्धारित मात्रा र अवधिअनुसार सेवन गर्नुपर्छ । त्यस्तै, सङ्क्रामक रोगविरुद्धका खोप लगाउने, नियमित रूपमा साबुनपानीले हात धुने, सरसफाइमा ध्यान दिने र सुरक्षित यौन अभ्यास अपनाउनेजस्ता उपायले सङ्क्रमणको जोखिम घटाउन सहयोग पुग्छ ।





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

स्थिर भएन दलहरु

मधेश प्रदेशको दोस्रो कार्यकाल अत्यन्त उथलपुथल रहेको छ । चार वर्षमा पाँच जना मुख्यमन्त्री भइसकेका छन् । छैटौं मुख्यमन्त्री हुने निश्चित छ । छैटौं मुख्यमन्त्री बनाउन दलहरुबीच चरणबद्ध रुपमा छलफल शुरु भइसकेको छ। मधेश प्रदेशको पहिलो कार्यकालमा सरकार स्थिर रहेको थियो । पाँच वर्ष नै तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले सरकार सञ्चालन गरेका थिए । हुन त गठबन्धन दलहरु फेरिएका थिए । मन्त्रीहरु परिवर्तन भएका थिए । तर सरकारको नेतृत्व गर्ने मुख्यमन्त्री राउत नै थिए । त्यस बखत जनता समाजवादी पार्टी (जसपा) नेपाल प्रदेश सभामा सबैभन्दा ठूलो दल थियो । दुई मधेश केन्द्रित दल जसपा नेपाल र राष्ट्रिय जनता पार्टी(राजपा) मिलेर बहुमतको सरकार बनाएको थियो । तर दुवै दलबीच खिचातानी भएपछि जसपा नेपालले राजपाका मन्त्रीहरुलाई हटाएर नेपाली कांग्रेसलाई सरकारमा भित्र् याएको थियो ।हुन त चुनावसम्म त्यो गठबन्धन पनि कायम रहन सकेन । तर मुख्यमन्त्री परिवर्तन भएन । मुख्यमन्त्री राउतको कार्यकालमा मधेशमा कयौं कानुन निर्माण भयो । राष्ट्रिय रुपमा चर्चित योजनाहरु सार्वजनिक भए । तर त्यसपछि सर्वाधिक समय करिब २ वर्ष जसपाकै सरोज कुमार यादव मुख्यमन्त्री बने । अन्य मुख्यमन्त्रीहरुमा जनमत पार्टीका सतीश कुमार सिंहले एक वर्ष कटाए पनि अन्य मुख्यमन्त्रीहरुले सो अवधि पनि कटाउन सकेनन् । दुई जना मुख्यमन्त्रीले त एक महिना समेत पुरा गर्न सकेनन् । उनीहरुले विश्वासको मत पाउन नसक्दा राजीनामा गरे । पछिल्लो मुख्यमन्त्री कृष्ण प्रसाद यादवले पनि एक वर्ष कटाउन सकेनन् ।उनलाई एमाले र नेपाली कम्युनिष्ट पार्टी(नेकपा)ले साथ छाडेपछि विश्वासको मत लिन संसदको बैठक बोलाएर राजिनामा गरे । राजनीतिक दलहरुले सरकार हटाउने र बनाउन केन्द्रित हुँदा मधेश प्रदेशमा विकास निर्माण लगायतका कार्यहरु बाधित भए । संघीयतामाथि प्रश्न उठाउनेहरुले थप उत्साहित भए । मधेश प्रदेशलाई नै संघीयताको जननी मानिन्छ । तर दलहरुले सरकारलाई स्थिरता नदिँदा आलोचकहरुलाई थप मलजल गरिएको छ। एमाले, नेपाली कांग्रेस र नेकपाले सरकारलाई अस्थिर बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। मधेशी दलहरुलाई कहिले सत्ता बाहिर राख्न तीन दल मिलेका छन् । तर कहिले मधेशी दलहरुलाई नै अगाडि राखेर बन्दुक चलाएका छन् । तीन दलको क्रियाकलापले मधेश प्रदेशमा स्थिर सरकार बन्न नसकेको यथार्थ रहे पनि संघीयताको पक्षधर मानिएका मधेशवादी दलहरु पनि कम्ति दोषी छैन । मधेशी दलहरु बीच सत्ता सञ्चालनमा समन्वय हुन नसक्दा एकपछि अर्को सरकार ढलेको देखिन्छ। हाल पनि मधेश केन्द्रित दलकै नेताको नेतृत्वमा सरकार बन्ने बलियो सम्भावना छ। तर स्थिरता पाउने वा नपाउने भने विषयले चर्चा पाएको छ। स्थिर सरकार दिन मधेशवादी दलहरुले गम्भीर चिन्तन गर्न आवश्यक छ ।

विद्यालयीकरणको चपेटामा प्रारम्भिक बाल विकास र बालशिक्षा



डा. बालचन्द्र लुइटेल, डा. रुपा मुनाकर्मी र बबिता महर्जन

प्रारम्भिक बाल विकास र बाल शिक्षा (इसिइडी) को प्राथमिक ध्येय बालबालिकाको सर्वाङ्गीण (शारीरिक, संवेगात्मक, सामाजिक, भाषिक तथा संज्ञानात्मक) उन्नति हासिल गराउनु हो । यस्तो विकास पाठ्यपुस्तक कण्ठ पार्ने परिपाटीबाट नभई खेल, जिज्ञासा, स्वतन्त्र खोज र स्नेहमय अन्तर्क्रियाद्वारा सम्भव हुन्छ । यद्यपि, नेपालमा विगत दुई दशकयता इसिइडीका कार्यक्रमहरू तीव्र रूपमा विद्यालयीकरण (स्कुलिफिकेशन)को सिकार बनिरहेका छन् । विद्यालयीकरण भन्नाले प्रारम्भिक बाल्यकालको सिकाइ परिवेशलाई औपचारिक विद्यालयको साँचोमा ढाली डेस्क-बेन्च, किताब-कापी, गृहकार्य एवं परीक्षातर्फ मोड्ने अनि बालबालिकाको प्राकृतिक खेल, सिर्जनशीलता र बालसुलभतालाई पाखा लगाउने अभ्यास हो । हामीले विभिन्न मञ्चहरूमा यस विद्यालयीकरण र औपचारिक विद्यालयजस्तो बनाउने प्रवृत्तिप्रति निरन्तर ध्यानाकर्षण गराउँदै यसले इसिइडीलाई केबल 'विद्यालय प्रवेशको तयारी' मा सीमित तुल्याएको कुरा प्रस्ट पार्दै आएका छौं ।

बाल्यकाललाई वयस्क जीवनको तयारीका रूपमा मात्र बुझ्नु हुँदैन । बाल्यकाल आफैंमा पूर्ण, अर्थपूर्ण र अधिकारसम्पन्न जीवनको अवस्था हो । त्यसैले इसिइडीको सफलता बालबालिकाले कति अक्षर चिने, कति शब्द लेखे वा कति गणितीय प्रश्न हल गरे भन्ने आधारमा मात्र मापन गर्न सकिँदैन । उनीहरू कति सुरक्षित, आत्मविश्वासी, जिज्ञासु, सिर्जनशील, आत्मनिर्भर र सामाजिक रूपमा सक्रिय बने भन्ने कुरा उत्तिकै महत्वपूर्ण हुन्छ । यस अर्थमा बाल्यकालको संरक्षण, सम्मान र प्रवर्द्धन इसिइडीको शैक्षिक मात्र नभई नैतिक, सामाजिक र अधिकारसम्बन्धी दायित्व पनि हो ।

विद्यालय तयारी (स्कुल रेडिनेस) र विद्यालयीकरण (स्कुलिफिकेसन) समानार्थ अवधारणा होइनन् । विद्यालय तयारी भन्नाले बालबालिका विद्यालय प्रवेश गर्दा आवश्यक पर्ने आधारभूत शारीरिक, सामाजिक, संवेगात्मक, भाषिक तथा संज्ञानात्मक क्षमताको समग्र विकासलाई बुझिन्छ । यसको विपरीत विद्यालयीकरणले प्रारम्भिक बाल्यकालकै सिकाइलाई औपचारिक विद्यालयको पाठ्यक्रम, समयतालिका, अनुशासन, परीक्षा र उपलब्धिमुखी प्रतिस्पर्धाको ढाँचामा सीमित गर्छ । वास्तविक विद्यालय तयारी बालबालिकालाई विद्यालयको दबाबअनुसार ढाल्नु होइन, विद्यालयलाई बालबालिकाको विकासात्मक आवश्यकता र विविधता (डिएपी) अनुसार तयार गर्नु हो । नेपालमा विद्यालयीकरण चार प्रमुख स्वरूपहरूमा प्रकट भएको पाइन्छ ।

क. स्थानीय सांस्कृतिक तथा सामाजिक सन्दर्भ

यसमा आयातित मोडेलहरूको अन्धाधुन्ध प्रयोगलाई लिन सकिन्छ । विशेषगरी विकसित भनिएका शैक्षिक प्रणालीबाट सीधै अनुकरण गरिएका प्रि-स्कुल र तथा कथित 'इन्टरनेसनल' पाठ्यक्रमहरूलाई नेपाली भाषा, स्थानीय परिवेश, मौलिक संस्कृति र बालबालिकाको दैनिक जीवन जगतसँग जोड्ने कुनै गम्भीर प्रयास नगरी तिनिहरूलाई अँगाल्ने प्रवृत्ति व्यापक रूपमा बढेको छ । यसले इसिइडीलाई बालबालिकाको स्वाभाविक विकासको माध्यम बनाउनुको सट्टा एउटा 'आयातित परियोजना' मा सीमित गरिदिएको छ ।

ख. औपचारिक शैक्षिक सामग्रीको अत्यधिक प्रयोग

चार वर्षभन्दा कम उमेरका साना बालबालिकाका लागि पनि पाठ्यपुस्तक, अभ्यास पुस्तिका, कापी र निरन्तरको लेखन अभ्यासलाई अनिवार्य बनाउने प्रवृत्ति व्यापक छ । यस उमेरमा बालबालिकाको सर्वाङ्गीण विकासका लागि खेलकुद, चित्रकला, कथा गायन तथा सामाजिक अन्तरक्रिया मुख्य माध्यम हुनुपर्नेमा थ्री आर (पढ्ने, लेख्ने र गणितीय गणना गर्ने) लाई नै सिकाइको मुख्य मानक मान्ने गरिएको छ। यसले गर्दा बालबालिकाको स्वाभाविक जिज्ञासा, सिर्जनशीलता र मौलिक सोच कुण्ठित हुन पुगेको छ ।

ग. कक्षा संरचना र मूल्याङ्कनको अत्यधिक विद्यालयीकृत ढाचा

प्रारम्भिक बाल विकास र बालशिक्षा केन्द्रहरूमा पनि साना बालबालिकालाई उमेर (अनुकूल खुला तथा लचिलो वातावरण दिनुको सट्टा औपचारिक विद्यालय जस्तै कडा कक्षा संरचनामा बाँध्ने गरिएको पाइन्छ । विद्यालयकृत बेन्च डेस्कको संरचनाले उनीहरूको शारीरिक तथा प्राकृतिक सिकाइको चाहनालाई पूर्णरूपमा नियन्त्रण गर्छ ।

घ. कानुनी व्यवस्था

नेपालको विद्यमान कानुनी व्यवस्थाले चार वर्ष उमेर पूरा गरेका बालबालिकाका लागि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा सुनिश्चित गरेको छ । राष्ट्रिय प्रारम्भिक बाल विकास रणनीति, २०७७-२०८८ ले गर्भावस्थादेखि आठ वर्षसम्मको अवधिलाई समेट्दै स्वास्थ्य, पोषण, सुरक्षा, संरक्षण, हेरचाह र प्रारम्भिक सिकाइलाई एकीकृत रूपमा हेरेको छ । यस सन्दर्भमा चार वर्षभन्दा कम उमेरका बालबालिकाका लागि आवश्यक विकास अनुकूल हेरचाह (केयर) सुरक्षित वातावरण, पोषण, खेल र सामाजिक अन्तरक्रियाका अवसरहरूलाई पनि राज्यको नीतिगत जिम्मेवारीभित्र समेटिनुपर्छ ।

विशेषगरी घरबाहिर काम गर्ने अभिभावक, न्यून आय भएका परिवार र जोखिममा रहेका समुदायका बालबालिकाका लागि गुणस्तरीय बाल हेरचाह केन्द्रको व्यवस्था आवश्यक छ । यसरी (इसिइडी) लाई एक वर्षको विद्यालय प्रवेशपूर्व कार्यक्रमका रूपमा मात्र नभई जन्मदेखि आठ वर्षसम्मको निरन्तर र एकीकृत विकास प्रक्रियासँग जोडेर बुझ्नुपर्छ । एकीकृत विकासको दृष्टिकोणलाई बेवास्ता गरी अधिकांश अभिभावकहरूमा 'जति धेरै वर्ष पढाउन सकियो र जति छिटो औपचारिक कापी-कलम समात्न लगाइयो, उति नै राम्रो इसिइडी हुन्छ' भन्ने गलत धारणा व्याप्त छ । अभिभावकको यही मानसिकताले प्रारम्भिक बाल विकासलाई एउटा गलत शिक्षा परियोजनना (मिसएजुकेशन प्रोजेक्ट) मा परिणत गरिएको छ ।

विद्यालयीकरणलाई अभिभावकको व्यक्तिगत चाहना वा विद्यालयको शिक्षण अभ्यासमा मात्र सीमित गरेर बुझ्नु पनि पर्याप्त हुँदैन । यो नेपालको शिक्षा प्रणालीभित्र विकसित हुँदै गएको एउटा संरचनागत समस्या पनि हो । निजी शैक्षिक संस्थाहरूबीचको प्रतिस्पर्धा, अङ्ग्रेजी माध्यमप्रतिको सामाजिक आकर्षण, छिटो शैक्षिक उपलब्धि देखाउने दबाब, व्यावसायिक पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीको बजार र प्रारम्भिक बाल शिक्षामा प्रभावकारी नियमनको अभावले विद्यालयीकरणलाई थप संस्थागत बनाएका छन् । यसरी बाल्यकाल क्रमशः शैक्षिक प्रतिस्पर्धा र उपभोगको वस्तुमा रूपान्तरण हुने जोखिम बढेको छ । त्यसैले विद्यालयीकरणको समाधानका लागि अभिभावक सचेतना मात्र पर्याप्त हुँदैन, शिक्षा प्रणाली, संस्थागत अभ्यास, नियमन र बजार संरचनामा समेत परिवर्तन आवश्यक छ ।

विद्यालयीकरणले प्रारम्भिक बाल विकासका लक्ष्यहरूलाई विकृत मात्र गरेको छैन, यसले बालबालिकाको विकासमै दीर्घकालीन मुख्यगरी निम्न नकारात्मक असर पुऱ्याएको देखिन्छः

नेपाली इसिइडीका सन्दर्भमा विद्यालयीकरण मुख्यतया चार स्वरूपमा प्रकट भएको पाइन्छ । पहिलो, रैथाने ज्ञान र स्थानीय परिवेशलाई बेवास्ता गर्दै पश्चिमा तथा आयातित प्रि-स्कुल मोडेलहरूको अन्धाधुन्ध प्रयोग गर्नु । दोस्रो, चार वर्षभन्दा कम उमेरका बालबालिकालाई पनि घोकाउने र औपचारिक कापी किताब तथा गृहकार्यको भार थोपर्नु । तेस्रो, कक्षा संरचना, शिक्षक-केन्द्रित कण्ठा गर्ने शिक्षण विधि र प्राप्ताङ्कमा आधारित नतिजामुखी मूल्याङ्कन ढाँचा अँगाल्नु । चौथो, अतिरिक्त व्यापारिक कक्षाहरू सञ्चालन गरी प्रारम्भिक बाल शिक्षाको मानमर्दन गर्नु ।

प्रारम्भिक बाल्यकालमा बालबालिकामाथि थोपरिने अत्यधिक विद्यालयीकरणले उनीहरूको मानसिक र मनोवैज्ञानिक स्वास्थ्यमा गम्भीर नकारात्मक असर पारिरहेको छ । साना बालबालिकाले छिटो अक्षर चिन्नु, अङ्ग्रेजी बोल्नु वा धेरै हिसाब गर्नुलाई नै उत्कृष्ट बाल विकास मान्ने गलत धारणाका कारण विद्यालयहरू पनि कण्ठ गर्ने प्रणाली र विधि अपनाउन बाध्य छन् । सरकारले पनि सही पैरवी र स्रोतको व्यवस्था गर्न उदासिन रहँदा यो क्षेत्रको सही विकास भएको देखिन्न । पाँच वर्ष वा सोभन्दा कम उमेरका साना बालबालिकालाई उनीहरूको विकासक्रम अनुकूल नहुने गरी 'कक्षा १' वा सोभन्दा माथिल्लो तहको कठिन पाठ्यक्रम घोकाउने, दैनिक कापी-कलममा सीमित गराई अनिवार्य गृहकार्य दिने र लिखित परीक्षाको सामना गर्न बाध्य पारिँदा उनीहरूमा निरन्तरको चिन्ता, मानसिक तनाव र असफलताको डर पैदा हुन्छ ।

इसिइडीमा देखिएको अत्यधिक विद्यालयीकरणले बालबालिकाको समग्र मानसिक स्वास्थ्य, संवेगात्मक विकास र सामाजिक सम्बन्धहरूमा गम्भीर असर पारिरहेको छ । साना बालबालिकालाई उनीहरूको उमेर र क्षमताभन्दा माथिल्लोस्तरको औपचारिक पाठ् यक्रम घोकाउने, दैनिक गृहकार्यको बोझ थोपर्ने तथा लिखित परीक्षाको सामना गर्न बाध्य पारिने अभ्यासले उनीहरूमा मानसिक तनाव र चिन्ता सिर्जना गर्दछ ।

प्रारम्भिक बालविकासमा सरकारको कम लगानीले एक प्रकारको विषम अवस्था उत्पन्न भएको छ । आर्थिक रूपमा विपन्न परिवारका बालबालिका महँगा निजी प्रि-स्कुलको प्रतिस्पर्धामा पछि पर्ने अवस्था सिर्जना हुन्छ । ठिकै शुल्क लिएर चलाइएका निजी, सामुदायिक र धेरै शुल्क असुल्ने (इसिइडी) केन्द्रहरूबीचको शुल्कमा भएको खाडलले प्रारम्भिक वर्षदेखि नै सामाजिक विभाजनलाई संस्थागत गर्न सक्छ । इसिइडी क्षेत्रमा सरकारले लगानी बढाई स्रोतको सुनिश्चितताका साथ गरिब परिवारका बच्चाहरूका लागि गुणस्तरीय इसिइडीको व्यवस्था गर्नु जरूरी छ ।

विद्यालयीकृत इसिइडीले नेपाली र मातृभाषा, लोककथा, स्थानीय खेल र सामुदायिक ज्ञान प्रणालीलाई पाठ्यक्रमबाट बाहिर पार्दै लगेको छ । साना बालबालिकालाई उनीहरूको मौलिक परिवेशबाट टाढा राखेर आयातित, अङ्ग्रेजी माध्यम वा औपचारिक ढाँचाका विषयवस्तु घोकाउनाले उनीहरू आफ्नै भाषिक जग र सांस्कृतिक पहिचानबाट विमुख हुने खतरा बढेको छ । बालबालिकाले मातृभाषा वा स्थानीय भाषामार्फत अभिव्यक्ति व्यक्त गर्ने प्राकृतिक अवसर नपाउँदा उनीहरूको भाषिक सामर्थ्य, मौलिक शब्दावली र अभिव्यक्ति क्षमतामा सङ्कुचन आउँछ ।

यसैगरी, हाम्रा रैथाने लोककथा, गीतिकथा र हजुरआमा हजुरबाबाले सुनाउने परम्परागत दन्त्यकथाहरू ओझेलमा पर्दै गएका छन् । यी लोककथाहरू केबल मनोरञ्जनका साधन मात्र नभई जीवनमूल्य, नैतिकता र सामाजिक दायित्व हस्तान्तरण गर्ने महत्वपूर्ण माध्यम थिए । साथै, घुर्रा, डन्डीबियो, चङ्गा, गट्टा, र चुङ्नीजस्ता स्थानीय तथा परम्परागत खेलहरूले बालबालिकाको शारीरिक सुगठन, सामूहिक भावना, सहकार्य र सामाजिक सीपको विकासमा महत्वपूर्ण योगदान पुर्याउँथे । यसका साथै, स्थानीय कालीगढ, किसानहरूले प्रयोग गर्ने व्यावहारिक एवं सामुदायिक ज्ञान प्रणालीलाई समेत ओझेल पारिएको छ ।

नेपालमा विगत केही दशकयता इसिइडी कार्यक्रमहरूको सङ्ख्यात्मक विस्तार व्यापक रूपमा भएको छ । सार्वजनिक तथा निजी दुवै क्षेत्रबाट बाल विकास केन्द्र तथा प्रि-स्कुलहरूको पहुँच गाउँ-गाउँसम्म पुगेको छ । जति-जति कार्यक्रमहरूको विस्तार हुँदैछ, उति-उति बाल शिक्षाको मौलिक मर्म र गुणस्तर भने खस्कँदो अवस्थामा पुगेको छ । विशेष गरी शिक्षा ऐनको आठौं संशोधनपश्चात् प्रारम्भिक बाल विकास केन्द्रहरूलाई औपचारिक विद्यालय ढाँचाभित्र समायोजन गरियो ।

नेपालको प्रारम्भिक बाल विकास तथा शिक्षाको वर्तमान अवस्थाले पहुँच र गुणस्तरबीचको अन्तरलाई पनि उजागर गर्छ । युनिसेफको 'स्कुल रेडिनेस रिपोर्ट'मा प्रस्तुत शैक्षिक वर्ष २०२३/२४ को तथ्याङ्कअनुसार नेपालमा ४० हजार ६८४ प्रारम्भिक बाल विकास केन्द्र तथा पूर्वप्राथमिक कक्षाहरू सञ्चालनमा थिए । तीमध्ये ८१.२ प्रतिशत सरकारी वा सामुदायिक र १८.७ प्रतिशत निजी क्षेत्रबाट सञ्चालित थिए । यसै अवधिमा प्रारम्भिक बाल शिक्षाको कुल भर्नादर ९९.९ प्रतिशत पुगेको देखिन्छ तर उच्च भर्नादरले मात्र बालबालिकाले प्राप्त गरिरहेको सिकाइको गुणस्तर, अनुभव र विकासात्मक अवसर सुनिश्चित गर्दैन ।

तीन चार वर्षका बालबालिकालाई कापी कलम समात्न लगाएर अक्षर र अङ्क घोकाउने, गृहकार्यको बोझ दिने र लिखित परीक्षाका आधारमा मूल्याङ्कन गर्ने विकृत परिपाटीले व्यापकता पाएको छ । यसले अब नेपालको इसिइडी बहस पहुँच विस्तारबाट गुणस्तरीय, समावेशी, अर्थपूर्ण र विकासअनुकूल सिकाइ अनुभवतर्फ केन्द्रित हुनुपर्ने आवश्यकता देखाउँछ ।

यस विरोधाभासलाई चिर्ने प्रण गर्दै निजी, सामुदायिक र सरकारी पक्षसँगको सहकार्यमा काठमाडौं विश्वविद्यालयको शिक्षा सङ्काय (कुसोड) ले इसिइडीमा स्नातकदेखि विद्यावारिधिसम्मका शैक्षिक कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ । यसको मुख्य उद्देश्य पश्चिमा वा आयातित अभ्यासहरू र विद्यालयीकरणलाई चुनौती दिँदै नेपालको स्थानीय, सांस्कृतिक तथा सामाजिकसन्दर्भ अनुकूल इसिइडीको विकास गर्नु हो ।

गएको तीन वर्षमा कुसोड अन्तर्गतको समावेशी शिक्षा, प्रारम्भिक बाल विकास तथा व्यावसायिक अध्ययन विभाग (डिआइइपी) ले (इसिइडी) मा स्नातकदेखि विद्यावारिधिसम्मको एउटा पूर्ण शैक्षिक सोपान निर्माण गरेको छ । यसअन्तर्गत पिएचडी, इएमफिल, स्नातकोत्तर (१ र २ वर्षे), पिजिडी, ब्रिज कोर्ष र स्नातक (४ वर्षे) जस्ता शैक्षिक कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । यसका अतिरिक्त भर्खरै युनेस्को चेयर अन्तर्गत (इसिइडी) लगायत अन्य विषयमा पोस्टडक्टरल कार्यक्रमको घोषणा पनि गरिसिकिएको छ ।

कुसोडमा हाम्रा अनुसन्धानहरूमा प्रारम्भिक बाल्यकालमा विद्यालयीकरणको प्रभावले स्वाभाविक प्राकृतिक खेल, जिज्ञासा र सर्वाङ्गीण विकासलाई प्राथमिकता दिनुको सट्टा सिकाइ परिवेशलाई औपचारिक विद्यालयको साँचोमा ढाल्ने अभ्यासलाई परेको असर के कस्तो छ भन्ने छ । अनुसन्धानको अर्को पक्ष अत्यधिक गृहकार्य र प्राप्ताङ्कमा आधारित नतिजामुखी दबाबले बालबालिकामा कलिलै उमेरमा मानसिक तनाव, चिन्ता र असफलताको भय कसरी पैदा गराउँछ भन्ने हो । नेपाली लोककथा, स्थानीय खेल र मातृभाषा ओझेलमा पर्दा भाषिक तथा सांस्कृतिक पहिचानको क्षय भइरहेको कुरालाई अनुसन्धानको लागि विषय बनाइएको छ ।

विद्यालयीकरणलाई परास्त गर्न र नेपाल केन्द्रित प्रारम्भिक बाल विकास तथा प्रारम्भिक बाल शिक्षा निर्माण गर्न निम्न तीनवटा अन्तरसम्बन्धित रणनीतिहरू आवश्यक पर्दछन्ः

क. खेल-आधारित, बाल-नेतृत्व र स्थानीय सन्दर्भमा आधारित सिकाइ

इसिइडीका लागि तयार पाठ्यपुस्तकको ठाउँमा कथा, गीत, स्थानीय खेल, बालुवा-पानीको खेल, र प्रकृति-अन्वेषणले भरिएको हुनुपर्छ। बालबालिकाले आफ्ना जिज्ञासाबाट सिक्न पाउनुपर्छ । शिक्षकको भूमिका निर्देशक होइन, सहजीकरणकर्ताको हुनुपर्छ। डिएपीले बालबालिकाको उमेर, विकासस्तर र सांस्कृतिक पृष्ठभूमिलाई सिकाइको केन्द्रमा राख्छ। यसका लागि शिक्षकहरूलाई मात्र होइन, अभिभावक र समुदायलाई समेत 'खेल नै सिकाइ हो' भन्ने कुरामा विश्वस्त बनाउनुपर्छ ।

ख. स्थानीय ज्ञान र सांस्कृतिक सन्दर्भलाई पाठ्यक्रमको केन्□मा राख्ने

नेपाली समाजको बहुभाषिक, बहुसांस्कृतिक र बहुजातीय यथार्थलाई इसिइडी पाठ्यक्रममा समेट् नुपर्छ । स्थानीय लोककथा, मौलिक खेल, चाडपर्व, र सामुदायिक ज्ञान प्रणालीलाई सिकाइ सामग्रीका रूपमा प्रयोग गर्दा बालबालिकाले आफ्नो पहिचानसँग जोडिएर सिक्न पाउँछन् । समुदायसँगको सहकार्यमा विकास गरिएको पाठ्यक्रमले यस दिशामा महत्वपूर्ण कोसेढुङ्गा प्रदान गरेको छ, तर यसलाई थप गहिरो बनाउँदै स्थानीयस्तरमा 'नेपाली इसिइडी मोडेल' विकास गर्नुपर्छ । हाम्रो अनुसन्धान कार्यक्रमले पनि इसिइडी पाठ्यक्रम विकास र कार्यान्वयनजस्ता विषयहरूलाई प्राथमिकता दिएको छ ।

ग. नीतिगत सुधार, नियमन र अभिभावक सचेतना

प्रारम्भिक बाल विकासको तथा प्रारम्भिक बाल शिक्षाको उद्देश्य, खेलको महत्व, र औपचारिक पढाइको जोखिमबारे अभिभावक र समुदायमा व्यापक अभियान चलाउनुपर्छ । नीति निर्माताहरूले प्रारम्भिक बाल विकास तथा प्रारम्भिक बाल शिक्षालाई 'प्राथमिक विद्यालयको तयारी' होइन, ' बालबालिकाको अधिकार' का रूपमा हेर्नुपर्छ ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : सामाजिक काममा फाइदा हुनेछ ।
वृष : शिक्षा र व्यापारमा गरेको लगानीबाट नाफा हुनेछ ।
मिथुन : प्रियजनसंगको भेटले मनमा खुशी मिल्नेछ ।
कर्कट : सहकर्मीसंगको सहकार्यले उचाइ बढ्ने छ ।
सिंह : कृषिजन्य वस्तुको व्यापारबाट नाफा हुनेछ ।
कन्या : हरेक काममा अवरोध हुनेछ ।
तुला : शिक्षाको क्षेत्रमा उन्नती हुने दिन छ । पारिवारिक मेलमिलाप हुनेछ ।
वृश्चिक : निजी क्षेत्र भन्दा सामाजिक क्षेत्रमा सेवाको अवसर मिल्ने छ ।
धनु : भित्री योजना नसुनाउनु फाइदा हुनेछ । शिक्षा र स्वास्थ्यमा सुधारको योग छ ।
मकर : आज गरेको लगानी डुब्ने जोखिम छ । लगानी गर्नु अगाडि सोच्नु उचित हुन्छ ।
कुम्भ: सामाजिक र राजनीतिक क्षेत्रमा काम गर्ने हिम्मत गर्नुपर्ने देखिन्छ ।
मीन: शिक्षा र स्वास्थ्यमा सुधारका संकेत देखिन्छ । यात्रा सफल बन्नेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

बारुणा यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९,४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

नेपाल रेल्वेको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

डोम समुदायको परम्परागत पेसामा अन्य समुदायको आकर्षण

धनुषा । तराई मधेशका गाउँबस्तीमा बाँसबाट बनेका ढक्की, डालो, नाङ्लो, सुप्पा र अन्य सामग्रीको प्रयोग परापूर्वकालदेखि हुँदै आएको छ । घरायसी कामकाजदेखि धार्मिक तथा सांस्कृतिक गतिविधिसम्म बाँसका सामग्रीको विशेष महत्व छ । विशेषगरी छठ, विवाह, ब्रतबन्धलगायत पर्व तथा संस्कारमा बाँसबाट बनेका सामग्रीको प्रयोग अनिवार्यजस्तै मानिन्छ । यस्ता सामग्री बनाउने पेसा भने परम्परागत रूपमा डोम समुदायसँग जोडिँदै आएको छ ।

पुस्तौँदेखि बाँसको चोया निकालेर विभिन्न सामग्री बुन्ने काम गर्दै आएका डोम समुदायका लागि यो पेसा जीविकोपार्जनको प्रमुख आधार समेत हो । तर पछिल्लो समय यो पेसा कुनै एउटा जाति वा समुदायको पहिचानमा मात्र सीमित रहन छाडेको छ । सीप सिकेर घरमै बसेर आम्दानी गर्न सकिने भएपछि अन्य समुदायका मानिससमेत यस पेसातर्फ आकर्षित हुन थालेका छन् ।

धनुषाको धनौजी गाउँपालिका-३ स्थित कटैयागाउँ यसको उदाहरण बनेको छ । यहाँ परम्परागत रूपमा डोम समुदायसँग जोडिएको बाँसका सामग्री बनाउने पेसा अहिले विभिन्न जातजाति र समुदायका मानिसले अपनाएका छन् । मुखिया, मण्डल, यादव, चमार, मुस्लिम र साहलगायत समुदायका मानिस बाँसका सामग्री बनाउने काममा संलग्न छन् । उनीहरूका लागि यो पेसा केबल परम्परागत सीपको निरन्तरता मात्र नभई घरपरिवार चलाउने र आर्थिक उपार्जन गर्ने माध्यमसमेत बनेको छ ।

स्थानीय निर्धन मुखियाका अनुसार कटैयागाउँमा विभिन्न समुदायका करिब २०० जना बाँसका सामग्री बनाउने काममा संलग्न छन् । उहाँका अनुसार गाउँमा यो पेसा कुनै एक जाति वा समुदायको मात्र नभई सबैका लागि आम्दानीको अवसर बनेको छ । "डोम समुदायले मात्र बाँसका सामग्री बुन्छन् भन्ने सोच सही होइन । सीप हुनेले जुनसुकै समुदायका मानिसले पनि यो काम गरेर आम्दानी गर्न सक्छ", मुखियाले भन्नुभयो । परम्परागत रूपमा डोम समुदायसँग जोडिएको भए पनि बाँसका सामग्री बनाउने सीप कुनै एउटा समुदायको मात्रै नभएको उहाँको भनाइ छ ।

उहाँका अनुसार कटैयामा विभिन्न



समुदायका मानिसले एकअर्काबाट सीप सिक्दै यो पेसा अपनाएका हुन् । सुरुमा केही परिवारले मात्र गर्दै आएको काम विस्तारै अन्य परिवारमा पनि फैलिएको छ । बाँसका सामग्री बनाएर बिक्री गर्न सकिने र त्यसका लागि ठूलो लगानी आवश्यक नपर्ने भएकाले पनि स्थानीय बासिन्दा यसप्रति आकर्षित भएका हुन् । बाँसका सामग्री बनाउने काममा संलग्न स्थानीय अरबिन्दकुमार साह पनि यो पेसालाई जातीय पहिचानसँग जोडेर हेर्न नहुने बताउनुहुन्छ । उहाँ लामो समयदेखि बाँसको चोयाबाट ढक्कीलगायत सामग्री बनाउँदै आउनुभएको छ । उहाँका अनुसार कटैयामा डोम समुदायको तुलनामा अन्य समुदायका मानिससमेत उल्लेख्य सङ्ख्यामा यस पेसामा संलग्न छन् ।

साहका अनुसार कुनै पनि काम सानो वा ठूलो हुँदैन । "त्यसै बसिरहँदा कसैले दुई रुपियाँ दिँदैन । जुनसुकै काम भए पनि लाज मान्नु हुँदैन । काम गरेर खानुपर्छ", उहाँले भन्नुभयो । उहाँका अनुसार बाँसका सामग्री बनाएर दैनिक करिब एक हजार रुपियाँसम्म आम्दानी हुने गरेको छ । कामको मात्रा, सामग्रीको प्रकार र बजारको मागअनुसार आम्दानीमा फरक पर्ने भए पनि यस पेसाबाट घरखर्च चलाउन सहयोग पुगेको उहाँले बताउनुभयो ।

पर्वसागै बढ्छ बजारको माग

कटैयागाउँमा बाँसका सामग्री बनाउनेहरूको व्यस्तता यतिबेला झनै बढेको छ । छठपर्वमा पूजाका लागि आवश्यक ढक्की, डालो, नाङ्लो, सुप्पालगायत सामग्रीको माग हुने हुँदा स्थानीयलाई सामग्री तयार पार्न भ्याइनभ्याइ भएको थियो । बाँसबाट बनेका सामग्रीलाई पवित्र र परम्परागत मानिने भएकाले सूर्यदेव र छठी माताको पूजा आराधनाका क्रममा बाँसबाट बनेका सामग्रीको प्रयोग गरिन्छ । पूजा सामग्री राख्नेदेखि प्रसाद र फलफूल सजाउनेसम्मका काममा ढक्की, डालो र सुप्पाको प्रयोग हुने गर्छ ।

कटैयाका बासिन्दाको यो पेसा छठपर्वमा मात्र सीमित छैन । वर्षभरि बजारको मागअनुसार विभिन्न प्रकारका सामग्री उत्पादन गर्ने गरिएको छ । घरायसी प्रयोजनका लागि प्रयोग हुने ढक्की, डालो, नाङ्लो र अन्य सामग्रीको माग नियमित रहने गरेको स्थानीय बताउँछन् । पर्व विशेषमा बिक्री बढ्ने भए पनि अन्य समयमा पनि यस पेसाबाट आम्दानी हुने गरेको छ । उत्पादित सामग्री बिक्री गर्न स्थानीयलाई टाढाको बजारसम्म पुग्नुपर्ने बाध्यता पनि कम छ । व्यापारीहरू सामग्री खरिद गर्न गाउँमै आउने गरेका छन् । यसले उत्पादकलाई बजार खोज्न र ढुवानीमा लाग्ने अतिरिक्त खर्च कम गर्न सहयोग पुगेको छ । गाउँमै बसेर उत्पादन गर्ने र व्यापारीमार्फत बिक्री गर्ने भएकाले धेरै परिवारले यसलाई नियमित आम्दानीको स्रोत बनाएका छन् ।

घरमै रोजगारी र आम्दानीको आधार

बाँसका सामग्री बनाउने काममा ठूलो उद्योग, आधुनिक मेसिन वा धेरै जनशक्ति आवश्यक पर्दैन । सामान्य औजार, बाँस र सीप भए घरमै बसेर यो काम गर्न सकिन्छ । परिवारका सदस्यले आफ्नो अनुकूल समयमा काम गर्न सक्ने भएकाले पनि ग्रामीण क्षेत्रका लागि यो पेसा उपयोगी बनेको छ । वैदेशिक रोजगारी वा अन्य व्यवसायमा जान नसक्ने तथा गाउँमै बसेर केही गर्न चाहनेका लागि बाँसका सामग्री उत्पादनले आयआर्जनको अवसर दिएको छ । यस पेसामा संलग्न परिवारले आफ्नो अनुभव र सीपका आधारमा विभिन्न आकार तथा प्रकारका सामग्री बनाउने गरेका छन् । बजारको मागअनुसार सामग्रीको आकार, बनावट र गुणस्तरमा ध्यान दिनुपर्ने हुन्छ । ग्राहकको आवश्यकता बुझेर सामग्री तयार पार्न सके बिक्री सहज हुने स्थानीयको अनुभव छ । यस पेसालाई थप व्यवस्थित बनाउन बाँसको सहज उपलब्धता, उचित मूल्य, उत्पादनको गुणस्तर र बजार विस्तारमा ध्यान दिनुपर्ने देखिन्छ । परम्परागत सीपलाई आधुनिक बजारको आवश्यकतासँग जोड्न सके यसबाट अझ राम्रो आम्दानी लिन सकिने सम्भावना छ । स्थानीयस्तरमै सीप विकास, उत्पादन विविधीकरण र बजारीकरणमा सहयोग पुऱ्याउन सके बाँसका सामग्री बनाउने पेसा ग्रामीण अर्थतन्त्रको महत्वपूर्ण आधार बन्नसक्छ ।

कटैया गाउँमा विभिन्न समुदायका मानिस एउटै पेसामा आबद्ध हुनुले सामाजिक दृष्टिले पनि सकारात्मक सन्देश दिएको छ । परम्परागत रूपमा कुनै निश्चित जाति वा समुदायसँग जोडिएका पेसा अन्य समुदायले पनि अपनाउन थालेपछि पेसाप्रतिको सामाजिक दृष्टिकोणमा परिवर्तन आउन थालेको देखिन्छ । समाजमा लामो समयदेखि जात र समुदायका आधारमा पेसाको पहिचान गर्ने प्रवृत्ति रहँदै आएको छ । कतिपय पेसालाई निश्चित समुदायको कामका रूपमा हेर्ने सामाजिक सोच अझै पनि कायम छ तर कटैयाका बासिन्दाले सीप र श्रमलाई प्राथमिकता दिँदै यस्तो सोच परिवर्तन गर्न खोजेका छन् ।

बाँसका सामग्री बनाउने पेसाले कटैयाका बासिन्दालाई आर्थिक आम्दानी मात्र दिएको छैन, सामाजिक रूपमा स्थापित कतिपय परम्परागत मान्यतालाई पुनर्विचार गर्नसमेत प्रेरित गरेको छ । धनौजी गाउँपालिका अध्यक्ष राजकुमार साहका अनुसार कटैयागाउँको यो अभ्यासले परम्परागत पेसा र सीपलाई जातीय घेराभन्दा माथि उठाएर हेर्नुपर्ने सन्देश दिएको छ । उहाँले भन्नुभयो, "कुनै पनि पेसा सानो वा ठूलो हुँदैन, त्यसमा लाग्ने सीप, मेहनत र इमानदार प्रयास नै महत्वपूर्ण हुन्छ भन्ने उदाहरण यहाँका बासिन्दाले प्रस्तुत गरेका छन् ।'' उहाँले बाँसको चोयाबाट सामग्री बुनेर जीवनयापन गरिरहेका उनीहरूको प्रयासले स्थानीय स्रोतसाधनको उपयोग, स्वरोजगार र सामाजिक सद्भावलाई एकसाथ जोडेको बताउनुभयो । रासस

एक सातादेखि बेपत्ता पुरुषको शव पोखरीमा फेला

टुडे समाचारदाता

सिरहा । सिरहाको गोलबजार नगरपालिका-६ स्थित सैनिक चोक नजिकैको पोखरीमा एक सातादेखि बेपत्ता एक पुरुषको शव फेला परेको छ । बुधबार पोखरीमा शव देखेपछि स्थानीयले प्रहरीलाई जानकारी गरेका थिए । मृतक गोलबजार नगरपालिका-३ भाङबारीका ४५ वर्षीय महेन्द्र चमार रहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ । परिवारजनले जनाए अनुसार चमार भाइटीकाको भोलिपल्टदेखि सम्पर्कविहीन थिए । मजदुरीका सिलसिलामा कतै बसेको हुन सक्ने आशङ्कामा परिवारले प्रहरीमा हराएको उजुरी दिएका थिएनन् ।

इलाका प्रहरी कार्यालय गोलबजारका प्रहरी निरीक्षक दीपक खरेलको नेतृत्वमा घटनास्थल पुगेको प्रहरी टोलीले पोखरीबाट शव निकालेको थियो । प्रहरीका अनुसार शवको अवस्था हेर्दा करिब एक साताअघि नै पोखरीमा खसेको वा रहेको हुन सक्ने प्रारम्भिक अनुमान गरिएको छ ।

गौरको कानुपट्टी सीमा क्षेत्रमा गोली बरामद



टुडे समाचारदाता

रौतहट । रौतहटको गौर नगरपालिका-१ स्थित कानुपट्टी सीमा क्षेत्रमा बेवारिसे अवस्थामा ९ एमएम पेस्तोलमा प्रयोग हुने गोलीजस्तो देखिने २७ थान गोली फेला परेको छ ।

सशस्त्र प्रहरी बलको संयुक्त गस्ती टोलीले मंगलबार राति सीमा क्षेत्रमा नियमित गस्ती गर्ने क्रममा उक्त गोली बरामद गरेको हो ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर ११ गण हेडक्वार्टर रौतहटका अनुसार सीमा सुरक्षा गुल्म हेडक्वार्टर गौर र भन्सार सुरक्षा गार्ड गौरबाट खटिएको संयुक्त टोलीले कानुपट्टी सीमा क्षेत्रमा शंकास्पद अवस्थामा रहेको सेतो प्लास्टिकको झोला जाँच गर्दा गोली फेला पारेको थियो ।

झोलाभित्र ९ एमएम राउन्डजस्तो देखिने २७ थान गोली रहेको सशस्त्र प्रहरीले जनाएको छ ।

सीमा क्षेत्रमा बेवारिसे अवस्थामा गोली फेला परेपछि घटनालाई सुरक्षा निकायले गम्भीर रूपमा लिएको छ। बरामद गोली कसले र कुन प्रयोजनका लागि त्यहाँ छाडेको हो भन्ने विषयमा थप अनुसन्धान आवश्यक देखिएको छ ।

त्रिभुवन विमानस्थलबाट एक किलो ८०३ ग्राम सुन बरामद

काठमाण्डु । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट एक किलो ८०३ दशमलव ७७ ग्राम सुनसहित एक जना चिनियाँ नागरिकलाई पक्राउ गरिएको छ । पक्राउ पर्नेमा चीनको जिलिनका ५८ वर्षीय जियानहुआ वाङ रहेको विमानस्थल सुरक्षा कार्यालयका सहप्रवक्ता एवं प्रहरी नायब उपरीक्षक ढुण्डीराज नेउपानेले जानकारी दिनुभयो ।

विमानस्थल प्रहरी सुरक्षा कार्यालयका अनुसार बुधबार बिहान १:२५ बजे नेपाल वायुसेवा निगमको उडान नम्बर आरए ४१० मार्फत हङकङबाट काठमाडौँ आएका वाङलाई शङ्कास्पद गतिविधिका आधारमा जाँच गर्ने क्रममा पक्राउ गरिएको हो । उनले मलद्वारभित्र सुनजस्तो देखिने पहेँलो अर्धठोस पदार्थसहित प्लास्टिकले बेरेर उक्त पदार्थ लुकाइछिपाइ ल्याएको फेला पारेपछि निजलाई प्रहरीले नियन्त्रण लिएको थियो ।

पक्राउ परेका वाङलाई आवश्यक अनुसन्धान तथा प्रचलित कानुनबमोजिम कारबाहीका लागि त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचरमा पठाइएको सहप्रवक्ता नेउपानेले बताउनुभयो । रासस

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०८/०३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति — **बोलपत्र खोलिने मिति/समय**

२०८३/०८/१७ गते/स्थान : शाखा कार्यालय बर्दिबास, महोत्तरी — **२०८३/०८/१८ गते, शुक्रबार दिनको ३ बजे**

क्र.सं.	शाखा कार्यालय : बर्दिबास, महोत्तरी ऋणीको नाम, ठेगाना
१.	**नाम : जय माँ काली खाद्य उद्योग** प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरी प्रा.फ.नं. ६३८८/१२३/०७५/०७६, दर्ता मिति : २०७६/०२/१४, पान नं. ६०३८९३३७७, दर्ता मिति : २०७२/११/०४ ठेगाना : महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. १२, **प्रोप्राईटर : शिव कुमार महतो**

जमानतकर्ताको विवरण

१. नाम : शिव कुमार महतो ना.प्र.नं. ०४९०४६८८, जि.प्र.का. महोत्तरी जारी मिति : २०६३/०४/३० बाबुको नाम : राम बहादुर महतो बाजेको नाम : बिल्टु महतो ठेगाना : महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. १२	**२. नाम : रिता कुमारी महतो** ना.प्र.नं. १७६१००/६३३, जि.प्र.का. महोत्तरी जारी मिति : २०६३/११/२८ पतिको नाम : शिव कुमार महतो ससुराको नाम : राम बहादुर महतो ठेगाना : महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. १२
३. नाम : राम बहादुर महतो ना.प्र.नं. ०४९०३७००, जि.प्र.का. धनुषा जारी मिति : २०५६/०४/२४ बाबुको नाम : बिल्टु महतो बाजेको नाम : बाल देव महतो ठेगाना : महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. १२	**४. नाम : उषा देवी** ना.प्र.नं. ०४९०३७०८, जि.प्र.का. महोत्तरी जारी मिति : २०५६/०६/१३ पतिको नाम : राम बहादुर महतो ससुराको नाम : बिल्टु महतो ठेगाना : महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. १२
५. नाम : राम कुमार महतो ना.प्र.नं. १८२०६८/५९६, जि.प्र.का. महोत्तरी, जारी मिति : २०६९/०२/०४ बाबुको नाम : राम बहादुर महतो, बाजेको नाम : बिल्टु महतो ठेगाना : महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. १२	

धितोको विवरण

उषा देवी नाममा मालपोत कार्यालय गौशाला, महोत्तरी दर्ता श्रेष्ठा कायम रहेको महोत्तरी जिल्ला, गौशाला न.पा. वडा नं. १२ स्थित कित्ता नं. ८४ को क्षेत्रफल ०-१-१-० (विगाहा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

१२३	शाखा कार्यालय लालबन्दी	ईन्दु देबी बानीया खड्का	महिला	१९।२०९४।१३०	६/४/२०६७	जब्दी ८ सर्लाही	लालबन्दी ५ सर्लाही	देबेन्द्र खड्का	मोहनध्वज बानिया क्षेत्री	कृष्ण बहादुर खडका	देबेन्द खडका		पुरुष	३८७४०२८७	२०५७।०४।११ सर्लाही	लालबँन्दी ५	लालबन्दी ,५ सर्लाही		कृष्ण बहादुर खडका		
१२४	शाखा कार्यालय लालबन्दी	मुना कुमारी बानीया	महिला	१९३०९६।६१४	२०६३।१०।२३ सर्लाही	रानीगंज ५ सर्लाही	सिनुरजोडा ६ धनुषा	प्रभात कुमार सुबेदी	मोहनध्वज बानिया क्षेत्री	कपिल देब सिंह सुबेदी	प्रभात कुमार सुवेदी		पुरुष	८८२१३३१८	२०५६।११।१२ धनषा	sinurjoda 6 Dhanusha	सिनुरजोडा ६ धनषा		कपिल देव सिंह सुदेदी		
१२५	शाखा कार्यालय लालबन्दी	अन्जु कुमारी थापा	महिला	७८२३०९२६	२०६३।०३।०४ सर्लाही	लालबन्दी १७ सर्लाही	रानिगंज ५ सर्लाही	प्रदिप बहादुर थापा	मोहनध्वज बानिया क्षेत्री	डम्बर बहादुर थापा	प्रदिप बहादुर थापा		पुरुष	७८२३००७०	२०५४।९२।१९ सर्लाही	रानिगंज ५	लालबन्दी ५		डम्बर बहादुर थापा		
१२६	शाखा कार्यालय लालबन्दी	शिला बानीया	महिला	१९३०५६।८६५	२०६३।९२।११ सर्लाही	गौशाला न. पा. ९ महोत्तरी	लालबन्दी ०८ सर्लाही	लेख राज थापा	दिनोदध्वज बानिया	श्रीराम थापा क्षेत्री	लेख राज थापा		पुरुष	१८२०६७५१२०	२०६६।०७।१२ महोत्तरी	भरतपुर १ महोत्तरी	लालबन्दी ७		shreeram thapa		
१२७	शाखा कार्यालय लालबन्दी	सुमीला कुमारी बानीया	महिला	१९३०५६।८६५	२०६३।९२।०१ सर्लाही	भरतपुर ३ महोत्तरी	ईशवरपुर न. पा. २ सर्लाही	दिनेशध्वज बानिया	श्रीराम थापा क्षेत्री	लिलाध्वज बानिया	दिनेशध्वज बानिया		पुरुष	७८०१२५	२०५४।९१।०३ सर्लाही	भरतपुर ३ महोत्तरी	लालबन्दी ५		Lila dhoj baniya		
१२८	शाखा कार्यालय लालबन्दी	सोमारी कुमारी बैठा	महिला	१९२०९४।१३२	२०६८।०३।२१ सर्लाही	जब्दी ८ सर्लाही	लालबन्दी ०८ सर्लाही	मदन बैठा	फेकु बैठा	बिपद बैठा	मदन बैठा		पुरुष	१९३०९४र८४३	२०६३।९२।२९ सर्लाही	जब्दी ८	लालबन्दी ७ सर्लाही		बिपत बैठा		
१२९	शाखा कार्यालय लालबन्दी	रिना कुमारी देबी	महिला	१९३०२८।७०९	२०६३।९२।११ सर्लाही	गम्हरीया १ सर्लाही	लालबन्दी ७ सर्लाही	राजेश साह कानु	किसोरी साह कानु	महाविर साह कानु	राजेश साह कानु		पुरुष	१९३०३८र३३९	२०६३।९२।०८ सर्लाही	गम्हरीया १	लालबन्दी ७ सर्लाही		माहाविर साह कान		
१३०	शाखा कार्यालय लालबन्दी	जीतेन्द्र बानीया देबी	पुरुस	१९२०९६।१९९	२०६६।०३।०४ सर्लाही	रानीगंज ५ सर्लाही	लालबन्दी ५ सर्लाही	मान्जीता राय	मोहनध्वज बानिया क्षेत्री	कृष्णध्वज बानिया (हजुरबा)	भगवती देवी बानिया		महीला	७८२३३३३६	२०५२।०६।०८ सलाही	रानिगंज ५	लालबन्दी ५ सर्लाही	Mohan dhoj baniya	मान सिंह बहादुर थापा		
१३१	शाखा कार्यालय लालबन्दी	किरन देबी साह	महिला	२०९५।९६	२०६७।१२।२३ सर्लाही	लालबन्दी १ सलाही	लालबन्दी ७ सर्लाही	श्रीनारायण साह	हरिदेब साह	रामगणेश साह	श्रीनारायण साह		पुरुष	१९३०९५/१९६	२०६३।१०।१५ सलाही	लालबँन्दी १	लालबन्दी ७ सर्लाही		राम गणेश साह		
१३२	शाखा कार्यालय लालबन्दी	धनमाया यस्माली	महिला	१९३०९५।५९	२०६३।१०।०४	लालबन्दी ८ सलाही	लालबन्दी ९ सलाही	कमल बहादुर यस्माली	कुल बहादुर गुरुड.	तिलक बहादुर यस्माली	कमल बहादुर यस्माली		पुरुष	५२९६०१६५	२०५५।०१।०३ सर्लाही	लालबन्दी ८	लालबन्दी ९ सर्लाही		तिलक बहाद्रु यस्माली		
१३३	शाखा कार्यालय लालबन्दी	श्यामली देवी महतो	महिला	१९३०९४।९२२	२०६३।९२।२९	जब्दी ८ सर्लाही	लालबन्दी ७ सर्लाही	चान देब महतो	सत्य नारायण महतो	हिरा लाल महतो कोइरी	चान देब महतो		पुरुष	३८४७००३६	२०५४।४।०८ सर्लाही	जब्दी ८	लालबन्दी ७ सर्लाही		हिरा लाल महतो कोइरी		
१३४	शाखा कार्यालय कबिलासी, सर्लाही	नथुनी राय	पुरुष	८९३४०३७९	१/२७/२०४५	सलेमपुर -४	कबिलासी -१०, सलेमपुर		सिया लाल	बालगोबिन्द राय	नन्दकिसोर राय		पुरुष	१९१०४७/१००	सर्लाही, २०६३/०३/२४	सलेमपुर ०४	कबिलासी -१०, सलेमपुर		नथुनी राय	सिया लाल	
१३५	शाखा कार्यालय कबिलासी, सर्लाही	रेखा कुमारी देबी	महिला	१९-०१-७२ - ०१३९६	२०७२/०२/२७	सलेमपुर -४	कबिलासी -० ९, सलेमपुर	किसुन राय	भुखल राय यादब	अघुन राय	किसुन राय		पुरुष	८९३४४२७१	सर्लाही, २०५८/०६/१२	सलेमपुर ०४	कबिलासी -० ९,सलेमपुर		अघनु राय	भुखल राय यादब	
१३६	शाखा कार्यालय कबिलासी, सर्लाही	मठेरनी कुमारी	महिला	८८९३३१२९	२०५६/११/२५	फरहदवा -२	हरिपुर -०४, हरैया	रमेश कुमार दास	धरखन दास तत्मा	महेन्द्र दास	रमेश कुमार दास		पुरुष	१९३०५७/१८०	सर्लाही, २०६३/१०/२२	फरहदवा -२	हरिपुर -०४,हरैया		महेन्द्र दास	धरखन दास तत्मा	
१३७	शाखा कार्यालय कबिलासी, सर्लाही	सुमरी देबी	महिला	७३५९५६८३	२०४६/०९/२५	पिडारी -२	हरिपुर -०९, ढाबटोल	बिलट धामी	बन्तीलाल धामी	अनुज धामी	रामपूत सिंह		पुरुष	१३८१	सर्लाही, २०४५/१२/१२	पिडारी -८	हरिपुर -० ९,ढाबटोल		बन्ती लाल सिंह	सुकदेब सिंह	
१३८	शाखा कार्यालय कबिलासी, सर्लाही	सुमित्रा देबी क	महिला	९५८११	२०७२/०९/२८	जमुनिया -४	कबिलासी -०६,जमुनिया	रामबाबु राय	जोगिन्द्र राय	चेता राय											
१३९	शाखा कार्यालय गौशाला	गिता देवी	महिला	१८३०६५/५५८	२०६३-११-३० महोत्तरी	गौशाला ०२ नीगौल	गौशाला ०२ नीगौल	धबेंदर प्रसाद चौधरी	कुशेसवर चौधरी थारु	रामचन्द्र चौधरी	धबेंदर प्रसाद चौधरी		पुरुस	६६७५२४५१	२०६०/०५/१६ महोत्तरी	गौशाला ०२ नीगौल	गौशाला ०२ नीगौल		रामचन्द्र चौधरी	कुशेसवर चौधरी थारु	
१४०	शाखा कार्यालय गौशाला	फुलो देवी	महिला	२०६७/३७६	२०६८-०५-२७ महोत्तरी	गौशाला-०९ भरतपुर	गौशाला-०९ भरतपुर	रामचन्द्र राउत बरै	यविछ्न राउत बरै	सोनिया राउत	रामचन्द्र राउत बरै		पुरुस	४६६७१०२४	२०४४-१०-२८ महोत्तरी	गौशाला-०९ भरतपुर	गौशाला-०९ भरतपुर		सोनिया राउत	यविछ्न राउत बरै	
१४१	शाखा कार्यालय गौशाला	सुरजकला देवी	महिला	१८३६८/१३१८	२०६३-११-३० महोत्तरी	गौशाला-०४ राजखोर	गौशाला-०४ राजखोर	युगल महतो	किशोरी महतो	केबल महतो	युगल महतो		पुरुस	७००२३३३५	२०४५-०१-०४ महोत्तरी	गौशाला-०४ राजखोर	गौशाला-०४ राजखोर		केबल महतो	किशोरी महतो	
१४२	शाखा कार्यालय गौशाला	फुलो देवी	महिला	१२५९३०६८	२०६३-०४-०२ महोत्तरी	गौशाला -०२ निगौल	गौशाला -०२ निगौल	रामजी साह तेली	रामलखन साह तेली	अनुप साह तेली	रामजी साह तेली		पुरुस	१२९३२६२८	२०४४-११-१५ महोत्तरी	गौशाला -९ भारतपुर	गौशाला -९ भारतपुर		अनुप साह तेली	रामलखन साह तेली	
१४३	शाखा कार्यालय गौशाला	उषा कुमारी	महिला	३५७०२७५७	२०६१-१०-१४ महोत्तरी	गौशाला-०९ भरतपुर	गौशाला-०९ भरतपुर	दिनेश दास	मसुरी दास कथवनिया	राजकिशोर कथावानिया	दिनेश दास		पुरुस	१८२०६९/५२३	२०६७/१२/१३ महोत्तरी	गौशाला -९ भारतपुर	गौशाला -९ भारतपुर		राजकिशोर कथावानिया	मसुरी दास कथवनिया	
१४४	शाखा कार्यालय गौशाला	रजन देवी	महिला	१८३०६७/६०७	२०६३-११-०४ महोत्तरी	गौशाला-०९ भरतपुर	गौशाला-०९ भरतपुर	किशोरी साह	रामलखन साह तेली	राम बृश साह	किशोरी साह		पुरुस	३६९७२३९९	२०४४/११/१३ महोत्तरी	गौशाला -९ भारतपुर	गौशाला -९ भारतपुर		राम बृश साह	रामलखन साह तेली	
१४५	शाखा कार्यालय गौशाला	सुनिता देवी महतो	महिला	४००	२०६१-१०-१२ महोत्तरी	गौशाला-११ बिजलपुरा	गौशाला-११ बिजलपुरा	महेन्द्र महतो	कृष्ण देव महतो	सुबंश महतो	महेन्द्र महतो		पुरुस	१८२६३०३०	२०५४-०४-१३ महोत्तरी	गौशाला-११ बिजलपुरा	गौशाला-११ बिजलपुरा		सुबंश महतो	कृष्ण देव महतो	
१४६	शाखा कार्यालय गौशाला	सुधिरा देवी साह	महिला	१८२०५६/४२	२०६४-०७-१५ महोत्तरी	सोनमा-०६ सुन्दरपुर	सोनमा-०६ सुन्दरपुर	बिनोद कुमार साह कानु	राम एकवाल कानु	भविक्षण साह कानु	बिनोद कुमार साह कानु		पुरुस	५६८/६९४	२०५५/०७/१ महोत्तरी	सोनमा-०६ सुन्दरपुर	सोनमा-०६ सुन्दरपुर		भविक्षण साह कानु	राम एकवाल कानु	
१४७	शाखा कार्यालय देउरीपरवाहा	पुनम देवी सहनी	महिला	१७३०६८/२५२	१२/२८/२०६३ धनुषा	बगचौडा	औरही १ पौडेशर	मनोज सहनी मलाह	जोगी सहनी	गुलाम सहनी	मनोज सहनी मलाह		पुरुष	१४६७३४२५	४/४/२०६२ धनुषा	बगचौडा		पुनम देवी सहनी (श्रीमती)	गुलाम सहनी मलाह	जोगी सहनी	
१४८	शाखा कार्यालय देउरीपरवाहा	सुनिता देवी सहनी	महिला	१७३०६५/६२५	०६३/११/२८ धनुषा	पौडेस्वर -०१	औरही -०१ पौडेस्वर	सुरैत सहनी	दुखि सहनी	घुरन सहनी	सुरैत सहनी		पुरुष	७११२२८२३	२/८/२० धनुषा	पौडेस्वर -०१	औरही -०१ पौडेस्वर	सुनिता देवी सहनी (श्रीमती)	दुखी सहनी	घुरन सहनी मलाह	
१४९	शाखा कार्यालय देउरीपरवाहा	मिना देवी	महिला	७११२२९२७	६/१२/२०६० धनुषा	पौडेस्वर -०१	औरही -०१ पौडेस्वर	जिबछ मुखिया	सिटहा बिन	भगलु मुखिया	जिबछ मुखिया		पुरुष	७११२२४१२	२०५४/१२/२० धनुषा	पौडेस्वर -०१	औरही -०१ पौडेस्वर	मिना देवी (श्रीमती)	भगलु मुखिया	सिटाह बिन	
१५०	शाखा कार्यालय देउरीपरवाहा	परमिला कुमारी मुखिया	महिला	१७३०६५/५४०	२०६३/१४/२७ धनुषा	पौडेस्वर -०१	औरही -०१ पौडेस्वर	परमिला कुमारी मुखिया	तपसी मुखिया	दुन्दी मुखिया बिन	मकेशवर मुखिया बिन		पुरुष	७११२२३५०	०५३/०५/०२ धनुषा	पौडेस्वर -०१	औरही -०१ पौडेस्वर	परमिला कु. मुखिया (श्रीमती)	दुन्दी मुखिया	तपसी मुखिया	
१५१	शाखा कार्यालय देउरीपरवाहा	सित देवी सहनी	महिला	१७३०६५/१३५	२०६३/१२/०१ धनुषा	पौडेस्वर -०१	औरही -०१ पौडेस्वर	बिपैत सहनी	परभु सहनी	भ्कोली सहनी	बिपैत सहनी		पुरुष	१७३०६५/६३५	२०६३/११/२८ धनुषा	पौडेस्वर -०१	औरही -०१ पौडेस्व	सिता देवी सहनी (श्रीमती)	भ्कोली सहनी	परभु सहनी	
१५२	शाखा कार्यालय देउरीपरवाहा	निलम कुमारी सहनी	महिला	१८-०१-७५-१०२३०	२०७५/११/०९ धनुषा	मठीहानी -०६	मठीहानी -०६	मनोज सहनी	जोगी सहनी	गणेश सहनी	मनोज सहनी		पुरुष	१८३००८/८९	२०७०/०२/२८ महोतरी	मठीहानी -०१	मठीहानी -०१	निलम कुमारी सहनी (श्रीमती)	गणेश सहनी	जोगी सहनी	
१५३	शाखा कार्यालय देउरीपरवाहा	बबी देवी सहनी	महिला	१७-०१-७६-०३९६७	२०७६/०२/३१ धनुषा	पौडेस्वर -०१	औरही -०१ पौडेस्वर	बिसेसर सहनी	गोगल सहनी	भ्कोली सहनी	बीसेसर सहनी		पुरुष	१७३०६५/६९९	२०६३/११/३० धनुषा	पौडेस्वर -०१	औरही -०१ पौडेस्व	बबी देवी सहनी (श्रीमती)	भ्कोली सहनी	गोगल सहनी	
१५४	शाखा कार्यालय देउरीपरवाहा	रामपरी देवी मुखिया	महिला	७११२३३४७	२०६३/०२/१८ धानुषा	पौडेस्वर -०१	औरही -०१ पौडेस्वर	जुगे मुखिया	दुखिया मुखिया	दुन्दी मुखिया	जुगे मुखिया		पुरुष	७११२१३१३	०५८/०१/३१ धनुषा	पौडेस्वर -०१	औरही -०१ पौडेस्व	रामपरी देवी मुखिया (श्रीमति)	दुन्दी मुखिया	दुखिया मुखिया	
१५५	शाखा कार्यालय देउरीपरवाहा	नासिर खातुन	महिला	१७३०२८/१५९	११/१५/२०६३	भ्कोभि कटहिया -०१	धनौजी ०-३ भ्कोभी कटहिया	आजिजुल अनसारी	अबास अनसारी	कसीम अनसारी	आजिजुल अनसारी		पुरुष	४११२१८२२	२०५६/०८/०७ धनुषा	भ्कोभी कटहिया-	धनौजी -०३ भ्कोभी कटहिया	नासिरा खातुन (श्रीमती)	कसीम अन्सारी	आबास अनसारी	

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

परराष्ट्रमन्त्री खनालद्वारा चिनियाँ पक्षसँग तत्काल तातोपानी नाका खुलाउन आग्रह



काठमाण्डु । परराष्ट्रमन्त्री शिशिर खनालले तत्काल तातोपानी नाका खुलाउनका लागि चिनियाँ पक्षसँग अनुरोध गर्नुभएको छ।

नेपाल भ्रमणमा रहेका चीनका 'प्रेसिडेन्ट अफ द चाइनिज पिपुल्स एसोसियसन फर फ्रेन्डसिप विथ फरेन कन्ट्रिज'का अध्यक्ष याङ्ग वानमिङ्गले सिंहदरबारस्थित परराष्ट्र मन्त्रालयमा गर्नुभएको शिष्टाचार भेटवार्ताका क्रममा परराष्ट्रमन्त्री खनालले सिन्धुपाल्चोकस्थित तातोपानी नाका यथाशक्य छिटो खुलाउन चिनियाँ पक्षसँग अनुरोध गर्नुभएको मन्त्रालयले जनाएको छ।

परराष्ट्रमन्त्री खनालले गत भदौमा गएको बाढीले रसुवागढी नाका बन्द भएको र चीन जोड्ने अन्य उच्च हिमाली नाकाहरू चिसोले पूर्ण रूपमा सञ्चालन हुन नसक्ने विषम अवस्थामा काठमाडौँबाट सबैभन्दा नजिक रहेको तातोपानी नाका तत्काल सञ्चालनका लागि अध्यक्ष याङ्गसँग आग्रह गर्नुभएको हो।

"तातोपानी नाका काठमाडौँबाट सबैभन्दा कम दूरीमा रहेको र यो नाका ऐतिहासिक मित्रतापूर्ण सम्बन्धको प्रतीकका रूपमा रहेको छ", परराष्ट्रमन्त्री खनालले भन्नुभयो, "यसैले यो नाकालाई हाम्रा दुई मुलुकबीचको 'कनेक्टिभिटी'का लागि तत्काल खुलाउन जरुरी छ।"

सो अवसरमा अध्यक्ष याङ्गले सम्बन्धित निकायसँग आवश्यक समन्वय गरेर काम गर्ने जानकारी दिनुभयो । भेटवार्ताका क्रममा दुई मुलुकबीचको व्यापार, पूर्वाधार, जलवायु परिवर्तन, जनस्तर, शिक्षालगायत विविध विषयमा छलफल भएको परराष्ट्र मन्त्रालयले जनाएको छ। रासस

सडक पूर्वाधार निर्माणमा नेपाली सेनाको महत्वपूर्ण योगदान छः राष्ट्रपति

बागमती । राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली सेनाले आफ्नो संवैधानिक दायित्व र राष्ट्रिय सुरक्षासम्बन्धी जिम्मेवारीसँगै मुलुकको सडक पूर्वाधार तथा विकास निर्माणका क्षेत्रमा समेत महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको बताउनुभएको छ।

सेनाको व्यवस्थापनमा निर्माणाधीन राष्ट्रिय गौरवको आयोजना काठमाडौँ-तराई/मधेश द्रुतमार्ग सडकअन्तर्गत मकवानपुरस्थित महादेवटार सुरुङ (३.३९९मिटर)को 'ब्रेक थ्रु' कार्यक्रममा राष्ट्रपति पौडेलले राष्ट्रिय गौरवको आयोजनादेखि विशेष प्रकृतिका सुरुङ र पुल निर्माणमा सेना अहोरात्र क्रियाशील रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "विशेषगरी विकट भौगोलिक अवस्था, जटिल भू-बनोट तथा प्रतिकूल परिस्थितिका बाबजुद राष्ट्रिय महत्वका सडक तथा पूर्वाधार निर्माणमा सेनाले लामो समयदेखि गर्दै आएको व्यावसायिक दक्षता, कार्यकुशलता र राष्ट्रप्रतिको समर्पण प्रशंसनीय एवं अनुकरणीय छ।"

राष्ट्रपति पौडेलले काठमाडौँ उपत्यकालाई तराई-मधेससँग प्रत्यक्ष रूपमा जोड्ने करिब ७१ किलोमिटरको अत्याधुनिक प्रविधिमा आधारित द्रुतमार्गको निर्माणपछि मुलुकको यातायात प्रणालीमा गुणात्मक परिवर्तन आउने विश्वास व्यक्त गर्नुभयो।

राष्ट्रपति पौडेलले भन्नुभयो, "यो आयोजना सञ्चालनबाट यात्रा समय तथा दूरीमा उल्लेखनीय कटौती हुन्छ, त्यसबाट इन्धन खपत र सवार



ीसाधनको सञ्चालन तथा मर्मतसम्भार खर्चमा पनि उल्लेख्य बचत हुनेछ, राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदानमार्फत देशको आर्थिक, सामाजिक रूपान्तरणमा अहम् भूमिका निर्वाह गर्ने आयोजना समयमा नै सम्पन्न गर्न नेपाल सरकार र सेना दृढ रहेको पाएको छु ।"

आयोजनाको महत्व केबल भौतिक पूर्वाधार निर्माणमा मात्र सीमित नभएको जनाउँदै उहाँले राजधानी काठमाडौँ र तराई-मधेसबीचको भौगोलिक दूरी घटाउने तथा सामाजिक सद्भाव, आपसी सहिष्णुता र राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो।

राष्ट्रपति पौडेलले भन्नुभयो, "पर्यटन प्रर्वद्धन, व्यापार तथा पारवहन सहजीकरण, क्षेत्रीय आर्थिक गतिविधिको विस्तार र दिगो विकासका लक्ष्य प्राप्तिमा यस आयोजनाको योगदान दूरगामी र महत्वपूर्ण रहने अपेक्षा छ, आयोजना निर्माणमा कुनै कसर बाँकी नराखी प्रभावकारी समन्वय र जिम्मेवारी पूर्ण प्रतिबद्धताका साथ सेनालाई सबैको सहयोग रहने विश्वास गरेको छु।"

उक्त कार्यक्रममा बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटा, पूर्वाधार विकासमन्त्री सुनिल लम्साल, नेपालस्थित चीनका राजदूत चाङ माओमिङ तथा कोरियाका राजदूत पार्क जे क्यूङ र प्रधानसेनापति अशोकराज सिग्देललगायत सहभागी हुनुहुन्थ्यो। रासस

प्रतिजैविक प्रतिरोध न्यूनीकरण गर्न साझा प्रयास आवश्यकः मन्त्री मेहता



काठमाण्डु । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहतले प्रतिजैविक प्रतिरोध (एएमआर) को बढ्दो जोखिम न्यूनीकरण तथा रोकथामका लागि मानव स्वास्थ्य, पशु स्वास्थ्य, कृषि, खाद्य प्रणाली र वातावरण क्षेत्रबीच समन्वय र सहकार्य आवश्यक रहेको बताउनुभएको छ।

विश्व प्रतिजैविक प्रतिरोध सचेतना सप्ताह, २०२६ का अवसरमा भिडियो सन्देश जारी गर्दै उहाँले प्रतिजैविक प्रतिरोध मानव स्वास्थ्यको मात्र नभई बहुक्षेत्रीय साझा चुनौती भएको उल्लेख गर्नुभएको हो।

प्रतिजैविक औषधिले प्रभावकारी रूपमा काम नगर्दा सामान्य सङ्क्रमणको उपचारसमेत कठिन हुने र यसले मानव तथा पशु स्वास्थ्यमा गम्भीर असर पार्न सक्ने उहाँले बताउनुभयो।

नेपालमा टाइफाइड, क्षयरोग, मलेरिया, श्वासप्रश्वाससम्बन्धी तथा अस्पतालजन्य सङ्क्रमण गराउने सुक्ष्मजीवमा प्रतिजैविक प्रतिरोध बढ्दै जानु चिन्ताजनक भएको मन्त्री मेहताले बताउनुभयो। सरकारले प्रतिजैविक प्रतिरोध नियन्त्रणका लागि राष्ट्रिय कार्ययोजना तर्जुमा गर्नुका साथै विभिन्न नीति, कार्यक्रम र पहल अघि बढाएको उहाँले जानकारी दिनुभयो। मन्त्री मेहतालेचिकित्सकको सल्लाहबिना आफूखुसी प्रतिजैविक औषधि सेवन नगर्न, स्वास्थ्यकर्मीलाई आवश्यकताअनुसार मात्र त्यस्ता औषधि प्रयोग गर्न तथा सङ्क्रमणबाट बच्न खोप, सरसफाइ र हातको स्वच्छतामा ध्यान दिन आग्रह गर्नुभएको छ।

हरेक वर्ष नोभेम्बर १८ देखि २४ तारिखसम्म मनाइने विश्व प्रतिजैविक प्रतिरोध सचेतना सप्ताह यस वर्ष 'एक स्वास्थ्य, एक अभियानः प्रतिजैविक प्रतिरोधको आजैबाट रोकथाम' भन्ने नाराका साथ नेपालमा पनि विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदैछ। रासस

इन्टरनेट सेवा प्रदायकलाई दूरसञ्चार प्राधिकरणको निर्देशन

काठमाण्डु । दूरसञ्चार सेवा दस्तुर (टीएससी) दाखिलासम्बन्धी विवरण तथा आवश्यक कागजात १० दिनभित्र पेस गर्न अनुरोध गरेको छ।

नेपाल दूरसञ्चार प्राधिकरणले इन्टरनेट (इमेलसहित) सेवा प्रदायकलाई उक्त निर्देशन भएको हो। प्राधिकरणले आर्थिक ऐन, २०८३ को व्यवस्था कार्यान्वयन गर्ने क्रममा दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त गरी सेवा प्रदान गरिरहेका सबै इन्टरनेट सेवा प्रदायकलाई यस्तो निर्देशन दिएको हो।

प्राधिकरणले बुधबार सार्वजनिक सूचनामार्फत आर्थिक वर्ष २०८२/८३ र चालू आर्थिक वर्ष २०८३/८४ को असोज मसान्तसम्म नेपाल सरकारको राजस्व खातामा दाखिला गरेको दूरसञ्चार सेवा दस्तुरसँग सम्बन्धित विवरण माग गरेको हो।

आर्थिक ऐन, २०८३ को दफा ८ को उपदफा (५) मा दूरसञ्चार सेवा दस्तुरको प्रशासन नेपाल दूरसञ्चार प्राधिकरणले निर्धारण गरेबमोजिम हुने व्यवस्था छ।

सोही व्यवस्थाअनुसार प्राधिकरणले सेवा प्रदायकबाट दस्तुर दाखिलासम्बन्धी विवरण माग गरेको प्राधिकरणका अध्यक्ष



अर्जुन घिमिरेले राससलाई जानकारी दिनुभयो।

प्राधिकरणले सेवा प्रदायकलाई मासिक रूपमा इन्टरनेट बिक्रीबापत प्राप्त आय, मर्मत सम्भारबापतको आय, उपकरण बिक्रीबापतको आय र अन्य आयको छुट्टाछुट्टै विवरण पेस गर्न भनेको छ।

त्यसैगरी, ती सबै शीर्षकको कुल आय, दाखिला गरिएको दूरसञ्चार सेवा दस्तुरको रकम र दाखिला गरेको मितिसमेत खुलाउनुपर्नेछ । तोकिएको समयभन्दा ढिलो गरी दस्तुर दाखिला गरेको भए त्यसबापत बुझाइएको ब्याजको रकमसमेत विवरणमा उल्लेख गर्नुपर्ने प्राधिकरणले जनाएको छ।

साथै, प्राधिकरणले सेवा प्रदायकलाई प्रत्येक महिनाको आय तथा त्यसमा लाग्ने दूरसञ्चार सेवा दस्तुर दाखिला भए वा नभएको अवस्था स्पष्ट हुनेगरी विवरण उपलब्ध गराउन भनेको छ। यसबाट सेवा प्रदायकले प्राप्त गरेको आय, सरकारलाई दाखिला गर्नुपर्ने दस्तुर र वास्तविक रूपमा दाखिला भएको रकमबीचको अवस्था परीक्षण गर्न सकिनेछ।

आर्थिक ऐन, २०८३ को दफा ८ अनुसार टेलिफोन, मोबाइल, इन्टरनेटलगायतका दूरसञ्चार सेवा उपलब्ध गराउने निकायले ग्राहकबाट लिने महसुलको १० प्रतिशत रकम दूरसञ्चार सेवा दस्तुरबापत असुल गर्नुपर्ने व्यवस्था छ।

यद्यपि, दूरसञ्चार सेवा उपलब्ध गराउने अनुमतिप्राप्त निकायबीच एकले अर्कोको नेटवर्क प्रयोग गरेबापत तिर्नुपर्ने शुल्क अर्थात् इन्टरकनेक्सन चार्जमा यस्तो दस्तुर लाग्ने छैन। त्यस्तै, फिक्स्ड ब्रोडब्यान्ड सेवा शुल्कको ५० प्रतिशतसम्मको मर्मतसम्भार शुल्कमा पनि दूरसञ्चार सेवा दस्तुर नलाग्ने व्यवस्था ऐनमा छ।

आर्थिक ऐनको उपदफा (३) अनुसार सेवा प्रदायकले ग्राहकबाट असुल गरेको दूरसञ्चार सेवा दस्तुर अर्को महिनाको २५ गतेभित्र नेपाल सरकारको राजस्व खातामा दाखिला गरिसक्नुपर्नेछ । तोकिएको अवधिभित्र दस्तुर दाखिला नगरेमा सम्बन्धित व्यक्ति वा संस्थाबाट बाँकी रकममा मासिक पाँच प्रतिशतका दरले ब्याज लगाई असुल गर्ने व्यवस्था ऐनमा गरिएको छ।

दूरसञ्चार सेवा दस्तुरसम्बन्धी व्यवस्थाको कार्यान्वयन तथा प्रशासनिक प्रक्रियालाई व्यवस्थित बनाउने उद्देश्यले प्राधिकरणले सेवा प्रदायकसँग आय र राजस्व दाखिलाको विस्तृत विवरण माग गरेको हो। रासस

कोप-३१ मा कार्बन व्यापारको अभिलेख राख्ने अन्तरराष्ट्रिय 'रजिस्ट्री' सार्वजनिक

अन्ताल्या (टर्किए) । पेरिस सम्झौताको धारा ६.२ अन्तर्गत अन्तरराष्ट्रिय रूपमा हस्तान्तरण हुने कार्बन न्यूनीकरण परिणामको अभिलेख तथा अनुगमन गर्ने अन्तरराष्ट्रिय 'रजिस्ट्री'को पहिलो संस्करण सार्वजनिक गरिएको छ।

टर्किएको अन्ताल्यामा जारी जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप-३१) का अवसरमा आज उक्त रजिस्ट्री सार्वजनिक गरिएको हो । आफ्नै रजिस्ट्री नभएका वा त्यसमा पहुँच स्थापित गर्न नसकेका देशलाई लक्षित गरी तयार गरिएको यस प्रणालीले देशहरूबीच हस्तान्तरण हुने हरितगृह ग्यास उत्सर्जन न्यूनीकरणका परिणाम (आइटिएमओ) को अभिलेख राख्न र अनुगमन गर्न सहयोग गर्नेछ।

यस प्रणालीमार्फत सहभागी देशले न्यूनीकरणसम्बन्धी गतिविधि अभिलेख गर्ने, न्यूनीकरण परिणाम जारी गर्ने, त्यसलाई सम्बन्धित सरकारी अनुमतिसँग जोड्ने तथा त्यस्ता परिणामको हस्तान्तरण, प्राप्ति, प्रयोग र खारेजीको विवरण राख्न सक्नेछन्।

देशहरूले न्यूनीकरण परिणामलाई एकाइका रूपमा जारी गरी पहिलो अन्तरराष्ट्रिय हस्तान्तरण नहुँदासम्म सुरक्षित



राख्न रजिस्ट्रीको थप सेवा पनि लिन सक्नेछन् । पहिलो पटक अन्तरराष्ट्रिय हस्तान्तरण भएपछि त्यस्ता परिणाम अन्तरराष्ट्रिय रूपमा हस्तान्तरण गरिएका न्यूनीकरण परिणाम (आइटिएमओ) का रूपमा अभिलेख हुनेछन्।

पेरिस सम्झौताको सर्वोच्च निर्णय गर्ने निकाय (सिएमए) ले व्यवस्था गरेका यी सेवा संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी सचिवालयले विकास तथा सञ्चालन गरिरहेको छ।

प्रारम्भिक चरणमा रजिस्ट्रीमा आबद्ध हुन अनुरोध गर्ने देशलाई चरणबद्ध रूपमा पहुँच उपलब्ध गराइनेछ । यसका लागि सन् २०२७ को सुरुआतमा कार्यशाला आयोजना गरी त्यसपछि तालिम र प्रणाली परीक्षण गरिनेछ। त्यसपछि मात्र देशहरूलाई वास्तविक प्रणालीमा पहुँच दिइने अपेक्षा गरिएको छ।

आगामी संस्करणमा राष्ट्रिय रजिस्ट्री तथा पेरिस सम्झौताको 'क्रेडिटिङ' संयन्त्रअन्तर्गतको रजिस्ट्रीसँग तथ्याङ्क आदानप्रदान गर्न मिल्ने सुविधा र प्रतिवेदन प्रणालीसमेत थप गरिने जनाइएको छ।

रजिस्ट्रीको 'सफ्टवेयर' विकास सन् २०२६ जनवरीमा सुरु भएको थियो। यसको प्रारम्भिक सञ्चालनयोग्य संस्करण सन् २०२६ मेमा देशहरूलाई प्रस्तुत गरिएको थियो।

देशहरूले संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी आफ्नो राष्ट्रिय सम्पर्क निकायमार्फत अन्तरराष्ट्रिय रजिस्ट्रीमा आबद्ध हुन र छुट्टै खण्ड खोल्न अनुरोध गर्न सक्नेछन्। रासस

भारततर्फ थप ६१५.०२ मेगावाट विद्युत् निर्यात गर्न स्वीकृति

काठमाण्डु । प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमणको पूर्वसन्ध्या भारत सरकारले नेपालबाट थप ६ सय १५ दशमलव ०२ मेगावाट विद्युत् निर्यातका लागि स्वीकृति प्रदान गरेको छ।

नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता अच्युत घिमिरेका अनुसार प्राधिकरणले गत जुन-जुलाईतिरै पठाएको अनुरोधमाथि क्रमिक रूपमा स्वीकृति आउने क्रममा आज थप ६१५.०२ मेगावाट विद्युत् निर्यातको अनुमति प्राप्त भएको हो।

प्रवक्ता घिमिरेका अनुसार यसअघि नै ६५२ मेगावाट विद्युत् निर्यातको स्वीकृति प्राप्त भइसकेको अवस्थामा आज थप ६१५.०२ मेगावाटको अनुमति मिलेको हो।

कुन माध्यम र आयोजनाबाट कति निर्यात ?

प्रवक्ता घिमिरेले दिएको जानकारीअनुसार थप स्वीकृति पाएको कुल ६१५.०२ मेगावाट विद्युत् भारतीय ऊर्जा एक्सचेन्ज मार्केटमा बिक्रीका लागि पीटीसी र एनभीभीएन मार्फत निर्यात हुनेछ। जसमा पीटीसीमार्फत १२ आयोजना २०४.५८ मेगावाट रहेका छन्।

पीटीसी इन्डियामार्फत १३२ केभी बिहार प्रसारण लाइन हुँदै १२ वटा जलविद्युत् आयोजनाको २०४.५८ मेगावाट विद्युत् एक्सचेन्ज मार्केटमा निर्यात गर्न १८ नोभेम्बरदेखि १४ जुन २०२७ सम्मका लागि स्वीकृति प्राप्त भएको छ।

पीटीसीमार्फत नै सेती हाइड्रोपावर २१.३४ मेगावाट निर्यात अनुमति दिएको हो। पीटीसीमार्फत बिहारकै लागि नयाँ आयोजनाका रूपमा सेती हाइड्रोपावर प्रोजेक्टको २१.३४ मेगावाट विद्युत् निर्यात गर्न १८ नोभेम्बरदेखि ३१ अगस्ट २०२७ सम्मका लागि अनुमति मिलेको छ। यससँगै पीटीसीमार्फत बिहारका लागि कुल २२५.९२ मेगावाट विद्युत् निर्यातको बाटो खुलेको छ।

एनभीभीएनमार्फत ढल्केबर-मुजफ्फरपुर (३८९.१० मेगावाट र एनभीभीएन मार्फत ढल्केबर-मुजफ्फरपुर प्रसारण लाइन हुँदै एक्सचेन्ज मार्केटमा बिक्रीका लागि ३८९.१ मेगावाट विद्युत् निर्यात गर्न १८ नोभेम्बरदेखि १४ जुन २०२७ सम्मका लागि स्वीकृति प्राप्त भएको घिमिरेले जानकारी दिए।

उक्त विद्युत् नेपाल र भारतबीचका मुजफ्फरपुर-ढल्केबर ४०० केभी डबल सर्किट (डिसी), कटैया-कुशाहा १३२ केभी, रक्सौल-परवानीपुर १३२ केभी तथा रामनगर-सूरजपुरा १३२ केभी अन्तरदेशीय प्रसारण लाइनहरूमार्फत भारत निर्यात गरिनेछ।

प्रवक्ता घिमिरेले प्राधिकरणले यसअघि पठाएका प्रस्तावहरूमाथि भारतीय पक्षबाट स्वीकृति आउने क्रम अझै जारी रहेको बताए।

थप ६१५.०२ मेगावाट विद्युत् निर्यातको स्वीकृतिसँगै नेपाललाई भारततर्फको विद्युत् व्यापारबाट उल्लेख्य राजस्व आर्जन गर्न मद्दत पुग्ने देखिएको छ। गत आर्थिक वर्षमा नेपालले भारतमा गरेको खुद विद्युत् निर्यात (नेट एक्सपोर्ट) बाट करिब १ हजार ८ सय करोड रुपैयाँ (करिब १८ अर्ब रुपैयाँ) आम्दानी गरेको थियो।

संसद अधिवेशन आह्वान गर्ने तयारी



काठमाण्डु । सरकारले संसद्को आगामी अधिवेशन छिट्टै आह्वान गर्ने तयारी गरेको छ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले अधिवेशन आह्वान गर्ने विषयमा छलफल भइरहेको र छिट्टै आह्वान गर्ने सरकारको लक्ष्य रहेको बताएकी छिन्।

प्रधानमन्त्री वालेन्द्र शाह यसै साता भारत भ्रमणमा जाने कार्यक्रम रहेकाले पनि अधिवेशन आह्वानको समयबारे तत्कालै निश्चित गर्न नसकिएको उनले राससलाई बताइन्।

सरकारले आगामी अधिवेशनलाई लक्षित गर्दै कानुन संशोधन, नयाँ कानुन निर्माण तथा आवश्यक अध्यादेशबारे गृहकार्यसमेत अघि बढाएको छ।

"संसद अधिवेशन कहिले गर्ने भन्ने विषयमा छलफल गर्दैछौं। छिट्टै बोलाउने लक्ष्य हो। अहिले कानुनहरूको समीक्षा पनि भइरहेको छ। यो हप्तामै के-के गर्नुपर्ने हो भन्ने स्पष्ट हुन्छ," मन्त्री गौतमले भनिन्।

यस्तै, सरकारले घोषणा गरेको 'कानुन निर्माण तथा सुधार वर्ष' अन्तर्गत विद्यमान कानुनको समीक्षा, नयाँ कानुन निर्माण र आवश्यक कानुन संशोधन तथा एकीकरणलाई प्राथमिकतामा राखेको छ। यसका लागि गठित सुधार समितिको प्रत्येक १५ दिनमा बैठक बस्ने गरेको र सबै मन्त्रालयबाट प्रगति विवरण प्राप्त भइरहेको मन्त्री गौतमले जानकारी दिइन्।

सरकारले सम्बन्धित मन्त्रालयहरूसँगको छलफलका आधारमा एक वर्षमा १६६ वटा कानुन निर्माण तथा सुधार गर्ने लक्ष्य राखेको छ। दसैँअघि संसद्मा दर्ता भएका विधेयकहरूको प्रगति हेर्दा उक्त लक्ष्य हासिल गर्न सकिने विश्वास बढेको उनको भनाइ छ।

बालेनले जुनसुकै बेला रविलाई थुन्न सक्ने वर्षमान पुनको दाबी

काठमाण्डु । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सङ्गठन विभाग प्रमुख वर्षमान पुनले सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) आन्तरिक कलहको उत्कर्षमा पुगेको दाबी गरेका छन्।

पार्टीको राष्ट्रिय जागरण अभियानका क्रममा दैलेखका नेता तथा कार्यकर्तालाई प्रशिक्षण दिँदै नेता पुनले रास्वपाभित्रको शक्ति सङ्घर्षकै कारण राज्यका निकायहरू विभाजित र कमजोर बनेको आरोप लगाएका हुन्।

राज्यका संयन्त्रलाई कसको प्रभावमा पार्ने भन्ने विषयमा रास्वपा सभापति रवि लामिछाने र प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) बीच चलेको होडबाजीले



राष्ट्रियतासमेत कमजोर भएको र स्थापित संस्थाहरू लथालिङ्ग बनेको उनको भनाइ छ।

रास्वपाभित्रको आन्तरिक विवाद उत्कर्षमा पुग्दै जाँदा कुनै पनि बेला प्रधानमन्त्री शाहले सभापति लामिछानेलाई थुन्ने वा लामिछानेले शाहको सत्ता हटाउने अवस्था सिर्जना हुन सक्ने दाबी पुनले गरे।

वर्तमान सरकार भारतसँग लम्पसार परेको आरोप लगाउँदै नेता पुनले भने, 'कुनै पनि बेला बालेनले रविलाई थुनेमा आश्चर्य नमाने हुन्छ। कुनै बेला रविले प्रधानमन्त्री हटाएमा पनि आश्चर्य हुनेछैन।'

सरकारको गति संविधान र व्यवस्था खारेज गरी प्रतिक्रान्तिको बाटोमा जानेतर्फ उन्मुख रहेको पुनको जिकिर छ। उक्त कदमलाई रोक्न र राष्ट्रियता सुदृढ पार्न वामपन्थीबीचको एकता तथा संविधान पक्षधर लोकतान्त्रिक दलहरूबीच सहकार्य अपरिहार्य रहेको उनले बताए।

लागुऔषध ब्राउन सुगरसहित एकजना युवक पक्राउ

सञ्जय मिश्रा

रौतहट । नेपाल-भारत सीमा हुँदै लागुऔषध तस्करीको प्रयास भइरहेको अवस्थामा बाराका एक नेपाली युवक भारतमा पक्राउ परेका छन् । भारतीय सुरक्षा निकायले ७६.६६ ग्राम ब्राउन सुगरसहित उनलाई नियन्त्रणमा लिएको छ ।

पक्राउ पर्नेमा बारा जिल्लाको देवताल गाउँपालिका-फुलवरिया निवासी २४ वर्षीय मनोहर सिंह रहेका छन्। उनी जय राम सिंहका छोरा हुन् ।



भारतीय सशस्त्र सीमा बल (एसएसबी) को ७१औं बटालियनअन्तर्गत बीओपी बेल्दरवामठको टोलीले बिहार प्रहरी र आदापुरका प्रखण्ड विकास पदाधिकारी (बीडीओ) सँगको समन्वयमा सञ्चालन गरेको संयुक्त गस्तीका क्रममा उनलाई पक्राउ गरेको छ ।

एसएसबी मुख्यालय पिपराकोठीका अनुसार मंगलबार प्राप्त विशेष सूचनाका आधारमा भारतको बिहार राज्यस्थित आदापुर थाना क्षेत्रको श्यामपुर गाउँनजिक सुरक्षा टोलीले निगरानी तथा चेकजाँच कडा पारेको थियो। सो क्रममा नेपाल-भारत सीमा स्तम्भ नम्बर ३८३/६ बाट करिब साढे चार किलोमिटर भारतीय भूमिभित्र युवकलाई शंकास्पद अवस्थामा फेला पारिएको थियो ।

जाँचका क्रममा उनको साथबाट प्लास्टिकको बोरामा राखिएको ७६.६६ ग्राम ब्राउन सुगर बरामद भएको थियो। प्रहरीले घटनास्थलबाट बीआर ०५ बीडी २९६७ नम्बरको हिरो स्प्लेन्डर मोटरसाइकलसमेत नियन्त्रणमा लिएको छ ।

प्रारम्भिक अनुसन्धानअनुसार बरामद लागुऔषध भारतको रामगढवाबाट नेपालको फुलवरियातर्फ लैजाने क्रममा रहेको आशंका गरिएको छ ।

सीमावर्ती क्षेत्रमा लागुऔषध ओसारपसार नियन्त्रण गर्ने अभियानअन्तर्गत संयुक्त सुरक्षा टोलीले गरेको कारबाहीपछि पक्राउ परेका युवकलाई बरामद पदार्थ र मोटरसाइकलसहित आवश्यक कानुनी अनुसन्धान तथा कारबाहीका लागि आदापुर प्रहरी थानामा बुझाइएको एसएसबीले जनाएको छ ।

सीमावर्ती क्षेत्रमा सुरक्षा निगरानी भइरहे पनि नेपाल-भारतबीचको खुला सीमाको फाइदा उठाउँदै लागुऔषध ओसारपसारका प्रयास जारी रहेको यस घटनाले देखाएको छ ।

‘सरकारले के गर्छ भर छैन, तयार रहनु’

टुडे समाचारदाता

काठमाण्डु । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले वर्तमान सरकार एमालेप्रति निर्मम भएर उत्रिएकाले त्यसको प्रतिरोधका लागि तयार रहन अगुवा कार्यकर्ताहरूलाई निर्देशन दिएका छन् ।

राष्ट्रिय भेलाको उद्घाटन गर्दै अध्यक्ष ओलीले भने, ‘सरकाबाट एमालेमाथि निर्मम हमला भएको छ । अब सरकारले फेरि हमाल गर्न सक्छ । त्यसको प्रतिरोध हुनेछ । त्यसको मूल्य महँगो पर्न सक्छ ।’

आफू गिरफ्तार हुँदा सर्यौं कार्यकर्तामाथि निर्मम ढंगले कुटपिट गरेको औंल्याउँदै अध्यक्ष ओलीले पहिले गिरफ्तार हुँदा सरह्याम केही कमी भए पनि अबको प्रतिरोधमा लाखका लाख कार्यकर्ता विरोधमा उत्रिनु पर्ने बताए ।

‘सबै तयार हुनु । यो सरकारले कुन बेला के गर्छ भर छैन’, अध्यक्ष ओलीले कार्यकर्ताहरूलाई निर्देशन दिएका छन् ।

त्यस्तै नेकपा एमालेले आगामी स्थानीय तह निर्वाचनलाई लक्षित गर्दै १३ बुँदे निर्वाचन तयारीसम्बन्धी कार्ययोजना प्रस्ताव अघि सारेको छ । पार्टीलाई बलियो, व्यवस्थित र जनमुखी शक्तिका रूपमा स्थापित गर्ने लक्ष्यसहित केन्द्रीय तहदेखि टोल तहसम्मै संगठन परिचालन गर्ने योजना



अघि सारिएको छ ।

एमाले बुधबारदेखि शुरु भएको राष्ट्रिय कार्यकर्ता भेलामा महासचिव शंकर पोखरेलले पेश गरेको प्रस्तावित कार्ययोजनामा निर्वाचनमा पार्टीका उम्मेदवारको विजय सुनिश्चित गर्ने र जनविश्वास पुनःस्थापित गर्ने विषयलाई प्राथमिकता दिइएको छ ।

कार्ययोजना अनुसार स्थानीय निर्वाचनको मुख्य आधार मानिएका पालिका, वडा र टोल कमिटीको अवस्थाको समीक्षा गरी निष्क्रिय कमिटीलाई सक्रिय बनाइनेछ । वडा र पालिका अधिवेशनको तालिका सार्वजनिक गरी कार्यकर्ताको भावनाअनुरूप योग्य र क्रियाशील नेतृत्व चयनका लागि सहजीकरण गरिने भएको छ । त्यस्तै, प्रत्येक वडामा मतदाता संख्या, पार्टी सदस्य, समर्थक, शुभेच्छुक, जनसञ्जठन र स्थानीय मुद्दाहरूको अद्यावधिक अभिलेख तयार पारिने भएको छ । टोलस्तरमा सम्पर्क व्यक्ति तोकेर घरदैलो अभियानलाई तीव्र बनाउने योजना पनि कार्ययोजनामा समेटिएको बताइन्छ ।

निर्वाचनमा सफलता हासिल गर्न प्रत्येक पालिका र वडा तहमा विगतका निर्वाचन परिणाम, मतान्तर, स्थानीय राजनीतिक समीकरण, गठबन्धनको सम्भावना र विपक्षी दलको अवस्थाबारे वस्तुगत अध्ययन तथा तथ्यांक संकलन गरिनेछ । जनमत सर्वेक्षण तथा कार्यकर्ता र बौद्धिक क्षेत्रको राय-सुझाव सङ्कलन गरी सोही आधारमा छुट्टाछुट्टै निर्वाचन रणनीति बनाइने प्रस्ताव गरिएको छ । उम्मेदवार छनोट गर्दा निष्ठा, जनसम्पर्क, सामाजिक प्रतिष्ठा, इमानदारी र जनस्वीकार्यतालाई मुख्य मापदण्ड बनाइने उल्लेख छ । उम्मेदवार छनोटमा पहुँच र गुटगत प्रभावलाई निरुत्साहित गर्ने कार्ययोजनामा जनाइएको छ ।

निर्वाचन परिचालनलाई प्रभावकारी बनाउन प्रदेश, जिल्ला, पालिका, वडा र टोल तहसम्म निर्वाचन परिचालन कमिटी गठन गरिनेछ । ती कमिटीअन्तर्गत प्रचारप्रसार, डिजिटल प्रचार, मतदाता सम्पर्क, जनसंगठन परिचालन, आर्थिक तथा स्रोत व्यवस्थापन, कानुनी सहायता र अनुगमनलगायतका उपसमिति सक्रिय बनाइनेछ । साथै, प्रत्येक पालिका र वडामा निर्वाचन कार्यालय स्थापना गरी सूचना, अभिलेख र स्वयंसेवक व्यवस्थापनको काम व्यवस्थित गरिने भएको छ ।

स्थानीय जनताका दैनिक सरोकार र आवश्यकता समेटेर कार्यान्वयनयोग्य प्रतिबद्धतापत्र तयार पार्ने योजना पनि एमालेले अघि सारेको छ । विपक्षी दलका कमजोरीमाथि तथ्यपूर्ण रूपमा आफ्ना नीति र विकासका उपलब्धि जनतासमक्ष पुऱ्याउने तथा डिजिटल प्लेटफर्मको अधिकतम प्रयोग गर्ने कार्ययोजनामा उल्लेख गरिएको छ ।

अदालतको आदेशपछि गमहरगाउँका सय परिवार विस्थापनको त्रासमा

रञ्जन यादव

बारा । बाराको जीतपुरसिमरा उपमहानगरपालिका-८ स्थित गमहरगाउँका करिब एक सय घरपरिवार यतिबेला विस्थापित हुनुपर्ने त्रासमा छन् । करिब ६० वर्षदेखि बसोबास गर्दै आएका परिवारलाई बस्ती खाली गराउन बारा जिल्ला अदालतबाट आदेश आएको खबर सार्वजनिक भएपछि स्थानीय बासिन्दामा चिन्ता र अन्योल बढेको छ ।

वर्षौंदेखि बसोबास गर्दै आएका परिवारले भूमि समस्या समाधान आयोगबाट जग्गाको निस्सा प्राप्त गरेकै दिन बस्ती हटाउने अदालतको आदेशबारे जानकारी पाएपछि उनीहरूको खुसी चिन्तामा परिणत भएको हो । गत कात्तिक १२ गते भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणसम्बन्धी आधार तथा मापदण्ड, २०८३ बमोजिम वडा कार्यालयमार्फत स्थानीयले निस्साको प्रमाणपत्र प्राप्त गरेका थिए । लामो समयदेखि जग्गाधनी पुर्जा पाउने आशामा रहेका उनीहरू अदालतको आदेशपछि आफ्नो घरबास नै गुम्ने हो कि भन्ने चिन्तामा परेका छन् ।

स्थानीयका अनुसार बस्ती हटाउने आदेशको खबर सार्वजनिक भएपछि केही व्यक्तिहरू गाउँमै पुगेर तत्काल जग्गा खाली नगरे डोजर लगाएर घरटहरा भत्काइदिने चेतावनी दिन थालेका छन् । साना र जीर्ण टहरामा दुःखजिलो गरेर जीवन गुजारिरहेका विपन्न परिवारलाई घरबारविहीन हुनुपर्ने डरले सताएको छ। कतिपय स्थानीय रातभर निदाउन



नसकेको बताउँछन् ।

स्थानीय बासिन्दाले आफूहरू ४० फिट चौडा बाटो छाडेर लामो समयदेखि बसोबास गर्दै आएको दाबी गरेका छन् । उक्त बाटोको दुवैतर्फ वडा कार्यालयले नालासमेत निर्माण गरिसकेको छ भने बाटो ढलान गर्ने योजना पनि अघि बढाएको छ । यस्तो अवस्थामा सार्वजनिक बाटो अतिक्रमण गरेको भन्दै पूरै बस्ती हटाउन खोजिनु अन्यायपूर्ण भएको स्थानीयको भनाइ छ ।

स्थानीय छोटेलाल चौधरीका अनुसार बाराको प्रसौनी गाउँपालिका-नकटुवाका नरेशप्रसाद यादव लामो समयदेखि उक्त बस्ती हटाउने प्रयासमा छन् । बस्तीको पश्चिमतर्फ नम्बरी र ऐलानीसमेत गरी पाँच बिघाभन्दा बढी जग्गामा खेतीपाती गर्दै आएका यादवले बस्ती हटाएर आफ्नो जग्गालाई सिधै मुख्य सडकसँग जोड्न खोजेको स्थानीयको आरोप छ ।

सोही विषयलाई लिएर यादवले २०७९ फागुन २ गते स्थानीय बिरजु महतो धानुकसहित १० जनालाई विपक्षी बनाउँदै बारा जिल्ला अदालतमा मुद्दा दायर गरेका थिए । उक्त मुद्दामा जिल्ला न्यायाधीश प्रकाश अधिकारीको इजलासले वादीको दाबी पुग्ने ठहर गर्दै बस्ती हटाउने आदेश दिएको स्थानीयले बताएका छन् ।

अदालतको आदेशपछि घरटहरा भत्काइने चेतावनी आएको भन्दै ७० वर्षीया पन्नीदेवी कुर्मीलगायत वृद्धवृद्धा र स्थानीय बासिन्दा चिन्तित छन् । जीवनको अधिकांश समय बिताएको बासस्थान गुमाउनुपर्ने अवस्था आए कहाँ जाने भन्ने प्रश्नले उनीहरूलाई सताएको छ ।

स्थानीय उमाकान्त महतोले आफूहरू सार्वजनिक सडक नमिची ऐलानी जग्गामा लामो समयदेखि बसोबास गर्दै आएको बताए । सार्वजनिक बाटोको नाममा वर्षौंदेखि बस्दै आएको बस्ती नै हटाउन खोजिनु अन्यायपूर्ण भएको उनको गुनासो छ ।

त्यस्तै, २६ वर्षीय स्थानीय रुपेशकुमार महतोले विपन्न नागरिकको पीडा बुझ्दिन सरकारसँग आग्रह गरेका छन् । वर्षौंदेखि बसोबास गर्दै आएका परिवारलाई विकल्पबिना विस्थापित गर्न खोजिए आफूहरू प्रतिकारमा उत्रन बाध्य हुने उनको चेतावनी छ । स्थानीयले कुनै पनि हालतमा बस्ती खाली नगर्ने अडान लिएका छन् ।

यस विषयमा जीतपुरसिमरा उपमहानगरपालिका-८ का वडाध्यक्ष शिवशंकर महतो कोइरीले स्थानीयको समस्या समाधानका लागि पहल गर्ने बताएका छन् । उनले जिल्ला प्रशासन कार्यालय बारामा स्थानीय बासिन्दाको भेला आयोजना गरी बस्तीको वास्तविक अवस्था र समस्याबारे छलफल गर्ने तथा त्यसपछि सम्बन्धित मन्त्रालयमा पुगेर विषय उठाउने प्रतिबद्धता जनाएका छन् ।

वडाध्यक्ष कोइरीले अदालतको आदेशले सर्यौं परिवारको गाँस र बास खोसिने अवस्था सिर्जना हुन सक्ने भन्दै असन्तुष्टि व्यक्त गरेका छन् । भूमि व्यवस्था मन्त्रालयका निर्णय, भूमि सम्बन्धी अध्यादेश तथा स्थानीय सरकारको सिफारिसका आधारमा भूमि समस्या समाधान आयोगले निस्सा वितरण गरिसकेको अवस्थामा बस्ती हटाउनुभन्दा जग्गाधनी पुर्जा वितरण गरी समस्या समाधान गर्नुपर्ने उनको तर्क छ ।

यता, जिल्ला अदालतको आदेशविरुद्ध स्थानीय बासिन्दाले उच्च अदालतमा पुनरावेदन गर्ने तयारीसमेत थालेका छन् । आफूहरूको बसोबास र आवासको अधिकार सुरक्षित गर्न न्यायिक तथा प्रशासनिक दुवै तहबाट पहल गर्ने उनीहरूको भनाइ छ ।

करिब ६ दशकदेखि बसोबास गर्दै आएका परिवारको भविष्य अहिले अन्योलमा परेको छ। एकातिर अदालतको आदेश कार्यान्वयनको विषय छ भने अर्कोतर्फ भूमिहीन तथा अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि सरकारले प्रक्रिया अघि बढाएको छ ।

‘पार्टीको नेतृत्व युवालाई दिनुपर्छ’



टुडे समाचारदाता

जनकपुरधाम । राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) की प्रमुख सचेतक खुश्बु ओलीले पार्टीको नेतृत्व युवा पुस्तालाई दिनुपर्ने बताएकी छन् ।

जनकपुरधाममा बुधबार प्रमुख सचेतक ओलीले पार्टीका आगामी महाधिवेशनबाट युवा पुस्तालाई नेतृत्वमा अगाडि बढाउनुपर्ने बताइन् ।

प्रमुख सचेतक ओलीले पार्टीका पूर्व अध्यक्ष कमल थापाले लामो समय नेतृत्व गरिसकेको र त्यसपछि राजेन्द्र लिङ्देनले नेतृत्व सम्हाल्नुभएको उल्लेख गर्दै अब पार्टीमा युवापुस्तालाई अवसर दिनुपर्ने बताइन् ।

पार्टीमा लोकतान्त्रिक अभ्यास रहेकाले नेतृत्वका लागि इच्छुक सबैले प्रतिस्पर्धा गर्न पाउने भए पनि वर्तमान राजनीतिक परिस्थिति र समयको मागलाई बुझेर अग्रज नेताले युवा पुस्तालाई नेतृत्व हस्तान्तरण गर्नुपर्ने उनको भनाइ छ ।

नेतृ ओलीले आफू पनि पार्टीको आगामी महाधिवेशनमा पदाधिकारी तहमा उम्मेदवारी दिने तयारीमा रहेको भन्दै कुन पदमा उम्मेदवारी दिने भन्ने विषयमा भने पार्टीभित्र छलफल र परामर्शपछि टुंगो लगाउने बताइन् । यस समाचारलाई सम्पादन गर्नुहोस् ।

चोरीको आरोपमा दुई जना पक्राउ

टुडे समाचारदाता

सिरहा । सिरहाको भगवानपुर गाउँपालिकाका विभिन्न स्थानबाट ट्रैक्टरका ब्याट्री चोरी गरेको आरोपमा सिरहा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको बलान बिहुल गाउँपालिका-२ डिगिया टोलका २५ वर्षीय दिपेश कुमार यादव र २२ वर्षीय राजेश कुमार यादव रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय सिरहाले जनाए अनुसार गत कार्तिक ३० गते राति भगवानपुर गाउँपालिका-३ र ५ का विभिन्न टोलबाट ट्रैक्टरका ब्याट्री चोरी भएको थियो । चोरी भएको भन्दै मंसिर १ गते प्रहरी चौकी ठाडीमा निवेदन परेपछि प्रहरीले खोजतलास सुरु गरेको थियो ।

खोजतलासकै क्रममा सोही दिन साँझ सप्तरीको बलान बिहुल गाउँपालिका-२ बाट भारततर्फ जाँदै गरेको बीआर ३२ एवाई ३४२१ नम्बरको



मोटरसाइकलमा तीन थान ब्याट्री फेला परेको निमित्त सूचना अधिकारी नरेश लिम्बुले जानकारी दिए ।

उनले जनाए अनुसार दिपेश कुमार यादवले चलाएको उक्त मोटरसाइकलमा शंकास्पद अवस्थामा ब्याट्री लैजाँदै गरेको देखेपछि सिरहा प्रहरीले रोकेर जाँच गरेको थियो । सोधपुछ तथा अनुसन्धानका क्रममा बरामद ब्याट्रीहरू भगवानपुरबाट चोरी भएका ब्याट्रीसँग मेल खाएपछि उनलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । थप अनुसन्धानका क्रममा राजेश कुमार यादवसमेत चोरीमा संलग्न रहेको खुलेपछि दुवै जनालाई चोरी भएका तीन थान ब्याट्री र मोटरसाइकलसहित नियन्त्रणमा लिइएको छ ।

पक्राउ परेका दुवै जनालाई इलाका प्रहरी कार्यालय लहानमा राखेर घटनाबारे थप अनुसन्धान भइरहेको सिरहा प्रहरीले जनाएको छ ।

दानबहादुर कार्कीको रिटमा अन्तरिम आदेश आएन

टुडे समाचारदाता

काठमाण्डु । प्रहरी महानिरीक्षक (आईजीपी) पदबाट हटाइएका दानबहादुर कार्कीलाई पुनर्बहाली गर्ने वा नगर्ने भन्ने विषयमा अन्तरिम आदेश जारी गर्ने सम्बन्धमा छलफल गर्न सर्वोच्च अदालतले दुवै पक्षलाई मंसिर ७ गते उपस्थित हुन आदेश दिएको छ ।

सरकारको निर्णय गैरकानुनी भएको दाबी गर्दै कार्कीले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए । उनले आफूलाई आईजीपी पदबाट हटाउने निर्णय बदर गरी पुनः पदमा बहाली गर्न तथा नवनियुक्त आईजीपी डा. मनोज केसीलाई कामकाज गर्न रोक लगाउन अन्तरिम आदेश माग गरेका छन् । सर्वोच्च अदालतमा बुधबार भएको सुनुवाइका क्रममा कार्की पक्षका कानुन व्यवसायीहरूले सरकारको निर्णय प्रहरी ऐन, प्रहरी नियमावली र संविधानविपरीत रहेको जिकिर गरेका थिए । उनीहरूले कानुनले तोकेको प्रक्रिया पूरा नगरी कार्यकाल



बाँकी रहँदै कार्कीलाई पदबाट हटाइएको भन्दै अन्तरिम आदेश जारी गर्न माग गरेका थिए ।

कार्की पक्षको तर्क अनुसार उनलाई पदबाट हटाउनुअघि कुनै स्पष्टीकरणसमेत सोधिएको थिएना कानुनी प्रक्रिया पूरा नगरी गरिएको सरकारको निर्णय बदर हुनुपर्ने उनीहरूको माग छ ।

अब मंसिर ७ गते हुने छलफलमा कार्की र सरकार पक्षले अन्तरिम आदेश जारी गर्नुपर्ने वा नपर्ने विषयमा आ-आफ्ना कानुनी आधार र तर्क प्रस्तुत गर्नेछन् । सर्वोच्च अदालतले यसअघि नै सरकारका नाममा कारण देखाउ आदेशसमेत जारी गरिसकेको छ ।

सरकारले कात्तिक १८ गते कार्कीलाई आईजीपीको जिम्मेवारीबाट हटाएर प्रधानमन्त्रीको प्रमुख सुरक्षा सल्लाहकार नियुक्त गरेको थियो । सोही दिन एआईजी डा. मनोज केसीलाई नयाँ प्रहरी महानिरीक्षकमा नियुक्त गरिएको थियो ।

सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेमा कार्कीलाई पुनः आईजीपीको जिम्मेवारीमा फर्कने बाटो खुल्न सक्छ । तर, अन्तरिम आदेश जारी नभएमा मुद्दाको अन्तिम फैसला नआएसम्म डा. केसीले नै प्रहरी संगठनको नेतृत्व गरिरहनेछन् ।

महिला हिंसा अन्त्य गरौं

- महिला माथि हुने सबै प्रकारको हिंसा कानुनी अपराध हो,
- कुनै प्रकारको हिंसा भएमा उजागर गरौं,
- महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
- सहयोगका लागि महिला हेल्पलाइन नं. ११४५ वा सम्बन्धित निकायमा सम्पर्क गरौं।



नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८